# गोसाईंकुण्ड गाउँपालिका
# शिक्षा क्षेत्र योजना, २०७८–२०८३
# Education Sector Plan, 2022-2026

(मिति: २०७८।११।२३ गते कार्यपालिका बैठकको निर्णयबाट पारित)

*गोसाईंकुण्ड गाउँपालिका*

## *गाउँ कार्यपालिकाको कार्यालय*

*शिक्षा, युवा तथा खेलकूद शाखा*

*स्याफ्रुवेशी, रसुवा*

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रु, रसुवा
बागमती प्रदेश, नेपाल

## मन्तव्य

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक लगायत सबै प्रकारका विभेद, बहिष्करण र अन्यायको अन्त्य गर्दै समानता, समृद्धि, दिगो विकास, सुशासन र सामाजिक न्यायमा आधारित राज्य व्यवस्था सबलीकरणको आधारस्तम्भ नै शिक्षा हो। नेपालको संविधानलेसमानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पगरेको छ। नेपालमा भएको विगतको १० वर्षे जनयुद्ध र २०६२/०६३ सालको जनआन्दोलनमानेपाली जनताको बलिदानद्वारा युगीन राजनैतिक परिवर्तन सम्भव भएको हो। सङ्घीय लोकतान्त्रिकगणतन्त्रात्मक नेपालको नयाँ राज्य व्यवस्था अनुरुप शिक्षाको नवीन संरचना अनुसार गोसाईकुण्ड गाउँपालिका रसुवा त्यसको व्यवहारिक कार्यान्वयनमा जुटेको छ। संविधानले स्थानीय तहलाई निक्षेपण गरेका अधिकारहरू जनतालाई प्रत्यक्ष महसुस गराउन हामी प्रयासरत छौं।

शिक्षित समाजबिना समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना साकार पार्न सकिदैन। तसर्थ सामाजिक विकास क्षेत्रको पहिलो प्राथमिकता शिक्षा नै भएको हुनाले गोसाईकुण्ड गाउँपालिकाले शिक्षा क्षेत्रलाई महत्व दिएर कार्यक्रम गर्दै आएको छ। शिक्षा क्षेत्रमा पूर्वाधार निर्माणका अतिरिक्त आवधिक शैक्षिक कार्ययोजना अद्यावधिक गरिएको छ। सचेत अभिभावक, पेशागत शिक्षक, सक्रिय एवम् अनुशासित विद्यार्थीबाट मात्र शिक्षामा परिणाममुखि परिवर्तन सम्भव हुन्छ। हाल प्रविधिमैत्री सिकाइमा नै विद्यार्थीको आकर्षण रहेको छ र यसबाट नै दीगो सिकाइको अपेक्षा गर्न सकिन्छ। नि:शुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनमा यस गाउँपालिका प्रतिवद्ध र क्रियाशील छ। शैक्षिक उपलब्धी वृद्धिका लागि प्रधानध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकलाई थप जिम्मेवार बनाइएको छ। शिक्षकलाई थप क्रियाशिल बनाउन पुरस्कार र दण्डको नीति लिइएको छ। लगानी अनुसारको प्रतिफल कसरी प्राप्त गर्ने भन्ने चुनौति पनि हामी सामु रहेको छ। यसका लागि शैक्षिक सरोकारवालहरूको भूमिका र जिम्मेवारी सशक्त हुन जरुरी छ।

यस गाउँपालिकाको शिक्षालाई योजनावद्ध रुपमा प्रभावकारी बनाउन पञ्चवर्षीय शिक्षा योजना निर्माण गरिएको छ। गाउँपालिका क्षेत्रका विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन यो योजना कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ। मलाई आशा छ,यो शिक्षा योजनाले शैक्षिक सरोकारवालालाई हिड्ने गौरेटो तयार गरेको छ। शिक्षाको लक्ष्य, नीति र कार्यक्रम तयार गर्न दिशा निर्देश गरेको छ। निर्धारित कार्यक्रमको सफल कार्यान्वयनका लागि बजेट सुनिश्चितताको प्रतिवद्धतासहित चालु वर्षदेखि नै यस योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न सम्बन्धित कर्मचारी लगायतसबैसरोकारवालाहरुप्रति हार्दिक अपील गर्दछु। साथै योजना निर्माणमा संलग्न विव्यस, प्रअ, शिक्षक, शिक्षा युवा तथा खेलकूद शाखा एवं शिक्षा क्षेत्रका अन्य सरोकारवालाहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।धन्यवाद!

कैसाङ नुर्पु तामाङ
अध्यक्ष
गोसाईकुण्ड गाउँपालिका, रसुवा

मितिः २०७८।११।२५

Scanned with CamScanner

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रु बेशी, रसुवा
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

# गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रु, रसुवा

बागमती प्रदेश, नेपाल

## दुई शब्द

शिक्षा प्राप्त गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो। शिक्षा नै मानिसको सर्वाङ्गिण विकासको आधार हो भन्ने कुरामा दुईमत छैन। तेस्रो आँखारुपी शिक्षाको महत्व बुझेर विद्यालय बाहिर रहेका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन आवश्यक छ। त्यसका लागि आम जनसमुदायको थप क्रियाशीलता जरुरी छ। आम नागरिकलाई नि:शुल्क र अनिवार्य शिक्षाको प्रत्याभूति दिलाउन सबैको हातेमालो जरुरी छ। औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरी सबै उमेर समूहमा निरन्तर शिक्षाको अवसर प्रदान गर्नका लागि गाउँपालिका जिम्मेवार र प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

यस गाउँपालिकाको पञ्चवर्षीय आवधिक शिक्षा योजना निर्माण भएकोमा खुसी लागेको छ। यसले गाउँपालिकाको शैक्षिक विकास र सामाजिक रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। सरोकारवालाको सहभागितामा निकै मेहनतका साथ तयार गरिएको आवधिक शिक्षा योजनाले गाउँपालिकाको शैक्षिक गन्तव्यका लागि स्पष्ट मार्ग तय गरेको छ। यसले गोसाईकुण्ड गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको चिरफार गर्नुका साथै अन्य योजना र कार्यक्रम तय गर्न समेत दिशा निर्देश गरेको छ।

गोसाईकुण्ड गाउँपालिकाको आवधिक शैक्षिक योजना निर्माण भएकोमा कृतज्ञ छु। यसको सफल र प्रभावकारी कार्यान्वनयका लागि सबै सरोकारवालाहरु जिम्मेवार भएर लाग्न समेत आग्रह गर्दछु। धन्यवाद !

कारग्याल्मु
कारग्याल्मु श्रेष्ठ
उपाध्यक्ष
गोसाईकुण्ड गाउँपालिका, रसुवा

मिति: २०७८।११।२४

Scanned with CamScanner

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रु, रसुवा
बागमती प्रदेश, नेपाल

## मेरो दुई शव्द

मानव विकासको प्रमुख विषय नै शिक्षा हो। आधारभूत ज्ञान, सिप र सोको उचित प्रयोगले नै मानवीय जीवनको सार्थकता देखिन्छ। औपचारिक वा अनौपचारिक नियमित वा अनियमित कुनै पनि तरिकाले मानवीय जीवनमा ज्ञान सिप प्राप्त हुन्छ। शिक्षाले नै हरेक व्यक्तिलाई एक अर्कोमा परिचित गर्दछ। पौराणिक कालदेखि आजको आधुनिक युगसम्म शिक्षाको आवश्यकता उत्तिकै जरुरी छ जसले मानिसलाई जीवनयापनमा सहज र सुखी बनाएको छ।

शिक्षाको सर्बाधिक महत्वलाई बुझेर नै गोसाईकुण्ड गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न वर्तमान युग सुहाउँदो गुणस्तरीय शिक्षा प्रदान गर्न यो आवधिक शिक्षा योजना तयार गरेको हो। यस योजनाले सबै प्रकृतिका सिकाइका माध्यमलाई प्राथमिकता दिई गुणस्तरीय शिक्षाको अवसरलाई सुनिश्चितता गर्ने प्रयास भएको छ।

स्थानीय तहको प्रमुख लक्ष्य नै शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार निर्माण तथा सुधार हो। यस गाउँपालिकाले यिनै क्षेत्रमा लगानीको महत्व दिइको छ। दिगो विकासका लागि शिक्षा नै महत्वपूर्ण विषय क्षेत्र हो। विद्यालय शिक्षालाई सुव्यवस्थित र गुणस्तरीय बनाउन सकेको अवस्थामा मात्र गाउँपालिका वासी सबैको समृध्दि संभव हुन्छ। यस दृष्ट्रिकोणमा यो आबधिक योजना पूर्ण सहयोगी हुने अपेक्षा छ। यसले विद्यालयहरुको विद्यमान शैक्षिक अवस्थालाई प्रतिबिम्बित गरेको छ। वर्तमान विज्ञान तथा प्रविधिको विकासले विश्व समुदायलाई स्थानीयकरण गरी रहेको सन्दर्भमा विद्यालय शिक्षालाई पनि यसतर्फ अग्रसर तुल्याउन जरुरी भएको छ। यसका लागि शिक्षक, विद्यार्थी अभिभावक तथा समग्र शिक्षा क्षेत्रका सरोकारवालाहरुको भूमिका अपरिहार्य देखिन्छ। गाउँपालिकाले पनि आवश्यकता र औचित्यताका आधारमा स्रोत बाडफाँड गरी योजनालाई सार्थक बनाउन आवश्यक छ। प्रस्तुत शिक्षा योजनाले यसलाई सम्बोधन गरेको पाइन्छ। गाउँपालिका पदाधिकारीहरुबाट गाउँसभामा योजनाको ध्येय बमोजिम स्रोत व्यवस्थापनमा प्राथमिकता हुने विश्वास गर्दछु।

अन्त्यमा गाउँपालिकाको समग्र विकासका लागि हरेक क्षेत्रको आवश्यकतामा आधारित आबधिक योजना निर्माण तथा सोको कार्यान्वयन हुनु जरुरी छ। यसै अन्तर्गत गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको संयोजनमा यो शिक्षा क्षेत्र विकास सम्बन्धी पञ्चवर्षिय योजना निर्माण हुनु सराहनिय कार्य हो। यसले आगामी दिनमा गाउँपालिका क्षेत्रको औपचारिक तथा अनौपचारिक शिक्षा सुधारमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरेको छु। यसको समुचित कार्यान्वयनमा सम्बन्धित सबैको अग्रसरता हुने विश्वास गर्दछु। प्रस्तुत योजना निर्माणमा अहोरात्र संयोजन गर्ने गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखा, मस्यौदा लेखन समुह, विद्यालयका समितिहरु, शिक्षक, विद्यार्थी तथा सम्बन्धित शैक्षिक सरोकारवालाहरुप्रति कृतज्ञता व्यक्त गर्दछु र योजना कार्यान्वयनमा पनि यहाँहरुको सकारात्मक सहयोगको आशा गर्दछु। गाउँपालिकाबाट चालु वर्षदेखि नै यस योजनाको समुचित कार्यान्वयनका लागि स्रोत,साधन र समन्वय गर्ने दृढता राख्दछु।

दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८। ११।२३

Scanned with CamScanner

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रु, रसुवा
बागमती प्रदेश, नेपाल

## हाम्रो भनाइ

शिक्षा विकासको आधारस्तम्भ हो। शिक्षाको विकासविना देश विकास सम्भव छैन। शिक्षाबाट नै समाज रुपान्तरण सम्भव छ। गोसाईकुण्ड गाउँपालिकाले शिक्षाको विकास व्यवस्थित र प्रभावकारी रूपमा कसरी गर्न सकिन्छ भन्ने सवालमा सदा प्रयासरत एवं चिन्तनशील छ। शिक्षा क्षेत्रलाई समय सापेक्ष परिस्कृत बनाउन यो गाउँपालिकाले विशेष कार्यक्रमहरु अगाडि सारेको छ। शैक्षिक गुणस्तरका साथै आधारभूत तहसम्मको शिक्षामा सबैलाई अनिवार्य र निःशुल्क प्रत्याभूति गराउन गाउँपालिका क्रियाशील रहेको छ। शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै जिम्मेवार बन्नुपर्ने अहिलेको आवश्यकता हो। यसका लागि पुरस्कार र दण्डको नीति कार्यन्वयन गर्न शिक्षा, युवा तथा खेलकूद शाखा प्रतिवद्ध छ। सबैलाई शिक्षाको पहुँचमा ल्याउन तथा युग सुहाउदो शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालाको सहभागिता र अपनत्वको पनि उत्तिकै खाँचो छ।

गोसाईकुण्ड गाउँपालिको वास्तविक शैक्षिक अवस्था र आगामी योजनाको रोड म्यापका रूपमा यो आबधिक शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो। यसमा गाउँपालिका क्षेत्रकाशिक्षक, विद्यार्थी, नतिजा विश्लेषण, भौतिक अवस्था लगायतका पक्षसँग सम्बन्धित लक्ष्य, रणनीति, कार्यनीति यस योजनामा उल्लेख गरिएका छन्। यसले शिक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ।यस योजनाले आवश्यकता र औचित्यका आधारमा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई प्रश्रय दिने विश्वास लिइएको छ।

शिक्षाको यस आवधिक योजनालाई सकेसम्म त्रुटिरहित बनाउने प्रयास गरिएको छ। गाउँ सभाबाट स्वीकृत गरी गोसाईकुण्ड गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा प्रकाशन गर्न लागिएको यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि सक्रिय रहने विश्वास दिलाउन चाहन्छु। योजना निर्माणमा उल्लेख्य प्रेरणा प्रदान गर्नु हुने यस गाउँपालिकाका सद्धेय अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतज्यूप्रति विशेष आभारव्यक्त गर्दछु।त्यसैगरी योजना निर्माणका लागि आवश्यक समन्वय र निर्देशन प्रदान गर्ने सामाजिक विकास समिति संयोजक एवम् शैक्षिक पार्श्वचित्र र शिक्षा योजना निर्माण कार्यदल तथा विज्ञ ज्यूप्रति कृतज्ञछु। त्यसैगरी तोकिएको जिम्मेवारी पूरा गर्न अहोरात्र खटिने कार्यदल सदस्यहरू,गोसाईकुण्ड गाउँपालिकाका अन्तर्गत विद्यालयका प्रधानाध्यापक, विव्यस पदाधिकारी तथा शिक्षकहरुलाई धन्यवाद छ। शिक्षा योजना निर्माणका लागि प्राविधिक सहयोग प्रदान गर्नु हुनेशिक्षा विकास तथा समन्वय इकाई रसुवाका इकाई प्रमुख नेत्रप्रसाद गजुरेल एवं प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP II) कार्यक्रमका रसुवा जिल्ला संयोजक योगेन्द्र बूढाको सहयोग सदा स्मरणीय छ।

शिक्षा योजना निर्माणका क्रममा सल्लाह, सुझाव र आवश्यक तथ्याङ्क प्रदान गरेर सहयोग पुर्याउने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी,अन्य सरकारी निकायरगाउँपालिकाको विभिन्न शाखामा कार्यरत सम्पूर्ण कर्मचारी तथा शिक्षाप्रेमी सबैमा विशेष आभार प्रकट गर्दछु। धन्यवाद !

कृष्णबहादुर खत्री
शिक्षा अधिकृत

मितिः २०७८।११।२२

Scanned with CamScanner

# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रु, रसुवा

बागमती प्रदेश, नेपाल

**दुई शब्द**

आज विज्ञान प्रविधिको विकासले संसारलाई स्थानीयकरण गरी सकेको छ । मानिसहरु संसारको कुनै पनि कुनाबाट विपरित अर्को कुनामा जीवन्त रुपमा कुराकानी गर्न सफल भएका छन् । भौतिक विकासले उच्च स्थान हासिल गरी रहेको छ । वैज्ञानिक यन्त्र उपकरणहरुले पृथ्वीको मात्र अध्ययन नगरी अन्तरिक्षका विभिन्न ग्रह पिण्डहरुको अध्ययन अनुसन्धान गरिरहेका प्रतिवेदनहरु दिन प्रतिदिन संचार माध्यम र सामाजिक सन्जालहरुमा पढ्न पाइन्छ । विद्युतीय संचार माध्यमले मानिसलाई व्यस्त एवं व्यवसायी बनाएको छ । यस पृष्ठभूमिमा निर्मित यस पन्चवर्षिय शिक्षा क्षेत्र योजनाले गोसाईकुण्ड गाउँपालिकाको गुणस्तरीय शिक्षा विकासमा महत्वपूर्ण योगदान पुग्नेछ ।

प्रारम्भिक वाल शिक्षा विकासलाई विद्यालय शिक्षाको उद्गम तह मान्दै डिजिटल सामग्री र प्रशिक्षित वाल शिक्षक तयार गर्ने यस योजनाको प्रमुख ध्येय रहेको हुँदा योजना अबधिमा गाउँपालिका क्षेत्रमा ३ वर्ष उमेर पुगेका सबै बालबालिकाहरु प्रारम्भिक वाल शिक्षा विकास केन्द्रमा सहभागी हुने सुनिश्चितता गरेको छ । योजनाले हाल सञ्चालित धुञ्चे,स्याफ्रुवेशी र टिमुरेको विद्यालयहरुमा गाउँपालिका क्षेत्रको अन्य गाउँवस्तीबाट आउने बालबालिकाहरुका लागि खाना,आवास र विहान साँझ थपकक्षा सञ्चालनसमेत निःशुल्क रुपमा हुने कार्यक्रम राख्नुले स्तरीय सक्षमता हाँसिल हुने विश्वास गरेको छ । गाउँपालिका क्षेत्रका सम्पूर्ण गाउँवस्तीका बालबालिकाहरुलाई झिकाऊ,सिकाऊ,टिकाऊ र बिकाऊको अवधारणा अनुरुप अभिभावक,विद्यार्थी र शिक्षकको सक्रियता बढाउन प्रश्रय दिएको छ । विद्यालय शिक्षाको अवसर नपाएका युवा तथा प्रौढ व्यक्तिहरुका लागि निरन्तर तथा जीवन पर्यन्त शिक्षाको अवसर प्रदान गर्ने क्रियाकलापहरु पनि उल्लेख गरिएका छन् । सबै कक्षा र तहका शिक्षकहरुलाई क्षमता अभिवृध्दिका तालिम दिई सिकाइ सुधारको लक्ष्य राखिएको छ । समग्रमा योजनाले आगामी ५ वर्षभित्र शैक्षिक क्षेत्रको सुधारमा फढ्को मार्ने आशा राखेको छ  र कार्यक्रमहरु पनि सोही अनुरुप रहेका छन् ।

योजना निर्माणमा विद्यालयका प्रअ शिक्षकहरु विव्यस तथा निर्माण कार्यदल अग्रणी भूमिका रहेको छ । शिक्षा विकास तथा समन्वय इकाई एवं प्रारम्भिक कक्षा पठन सिप कार्यक्रमEGRP II) को प्राविधिक सहयोगप्रति ऋणी छु । उहाँहरु सबैलाई हार्दिक कृतज्ञता जाहेर गर्दछु । योजनाको कार्यान्वयनमा पनि यहाँहरुको उल्लेख्य सहयोगको अपेक्षा रहेको छ । गाउँ कार्यपालिका र पालिकाका सबै जनप्रतिनिधि एवं प्रशासकीय प्रमुखबाट योजना कार्यान्वयनमा अतुलनीय सहयोग हुने दृढता राख्दछु ।

मितिः २०७८।११।२२

ध्रुबप्रसाद लामिछाने
शिक्षा शाखा संयोजक

Scanned with CamScanner

# विषय सूची

**विषयवस्तु** **पेज नं.**

परिच्छेद १: परिचय ............ 7
१.१ पृष्ठभूमि............ 7
१.१.१ अवधारणा............ 7
१.१.२ सन्दर्भ ............ 12
गोसाईकुण्ड गाउँपालिकाको परिचय ............ 13
१..१.३ पृष्ठभूमि ............ 13
१.१.४ योजना निर्माण प्रक्रिया- ............ 21
परिच्छेद २: नयाँ शिक्षा क्षेत्र योजना ............ 22
२.१ सन्दर्भ र औचित्य............ 23
२.२ दीर्घकालीन राष्ट्रिय सोच ............ 24
२.३ गाउँपालिका शिक्षा योजनाको दीर्घकालीन सोच तथा गन्तव्य............ 25
२.४ लक्ष्यः ............ 25
२.५ उद्‌देश्यः............ 25
२.६ रणनीतिहरू............ 25
२.७ प्रमुख उपलब्धि सूचकहरू............ 25
परिच्छेद ३: शिक्षाका उप-क्षेत्रहरू............ 26
३.१ प्रारम्भिक बालविकास र शिक्षा............ 26
३.१.१ परिचय ............ 26
३.१.२ वर्तमान अवस्था ............ 28
३.१.३ दूरदृष्टि............ 31
३.१.४ लक्ष्य 30
३.१.५ उद्‌देश्य............ 32
३.१.६ रणनीतिहरू............ 32
३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य............ 32

३.२ आधारभतू शिक्षा ........ 37
३.२.१ परिचय ........ 37
३.२.२ वर्तमान अवस्था ........ 38
३.२.३ लक्ष्य ........ 42
३.२.४ उद्‌देश्य ........ 42
३.२.५ रणनीतिहरू ........ 42
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 44
३.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य: ........ 45
३.३ माध्यमिक शिक्षा ........ 49
३.३.१ परिचय ........ 49
३.३.२ वर्तमान अवस्था ........ 50
३.३.३ लक्ष्य ........ 53
३.३.४ उद्‌देश्य ........ 53
३.३.५ रणनीतिहरू ........ 54
३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 54
३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध ........ 57
३.४.१ परिचय ........ 57
३.४.२ वर्तमान अवस्था ........ 58
३.४.३ लक्ष्य ........ 59
३.४.४ उद्देश्य ........ 59
३.४.५ रणनीतिहरू ........ 59
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 60
उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्धका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 60
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप वकास तालिम ........ 62
३.५.१ परिचय ........ 62
३.५.२ वर्तमान अवस्था ........ 63
३.५.३ लक्ष्य ........ 63

३.५.४ उद्देश्य ........ 63

३.५.५ रणनीतिहरू ........ 64

३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 64

प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम का प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 66

३.६ पाठ्यक्रम र पाठ्यसामग्री ........ 67

३.६.१ परिचय ........ 67

३.६.२चुनौतिहरू तथा अवसरहरू ........ 69

३.६.३ लक्ष्य ........ 69

३.६.४ उद्देश्य ........ 69

३.६.५ रणनीतिहरू ........ 70

३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 70

३.७ शिक्षक व्यवस्थापन र विकास 71

३.७.१ परिचय ........ 72

३.७.२ वर्तमान अवस्था ........ 73

३.७.३ लक्ष्य ........ 74

३.७.४ उद्देश्य ........ 74

३.७.५ रणनीतिहरू ........ 74

३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 75

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 76

**३.८ विद्यालय व्यवस्थापन** ........ 78

३.८.१ परिचय ........ 78

३.८.२ वर्तमान अवस्था ........ 79

३.८.३ लक्ष्य ........ 80

३.८.४ उद्देश्य ........ 80

३.८.५ रणनीतिहरू ........ 80

३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 81

विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 82

**३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा** ........ 83

३.९.१ परिचय ........ 83

३.९.२ वर्तमान अवस्था ........ 84
३.९.३ लक्ष्य ........ 85
३.९.४ उद्येश्य ........ 85
३.९.५ रणनीति ........ 86
३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य उपलब्धिः ........ 86
निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 88
**३.१० आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा** ........ 89
३.१०.१ परिचय ........ 89
३. १०.२ वर्तमान अवस्था ........ 90
**नीतिगत व्यवस्था** ........ 90
**चुनौतिहरू तथा अवसर** ........ 91
३. १०.३ लक्ष्य ........ 91
३. १०.४ उद्देश्य ........ 91
३. १०.५ रणनीति ........ 91
३. १०.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य ........ 92
आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य ........ 93
३.११ यूवा तथा खेलकुद विकास ........ 94
३.१०.१ परिचय ........ 94
३. १०.२ वर्तमान अवस्था ........ 94
**चुनौतिहरू तथा अवसर** ........ 95
३. १०.३ लक्ष्य ........ 95
३. १०.४ उद्देश्य ........ 95
३. १०.५ रणनीति ........ 96
३. १०.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य ........ 96
यूवा तथा खेलकुदका लागि प्रमुख क्रियाकलापहरू ........ 97
परिच्छेद ४ ........ 98
संस्थागत संरचना र क्षमता विकास ........ 99

४.१ परिचय ........ 99
४.२ वर्तमान अवस्था ........ 99
४.३ लक्ष्य ........ 100
४.४ उद्देश्य ........ 100
४.५ रणनीतिहरू ........ 100
४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 101
संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू ........ 101
परिच्छेद ५ ........ 103
लगानी र स्रोत व्यवस्थापन ........ 103
५.१ परिचय ........ 103
५.२ वर्तमान अवस्था ........ 103
५.३ लक्ष्य ........ 104
५.४ उद्देश्य ........ 104
५.५ रणनीतिहरू ........ 105
५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 105
परिच्छेद ६ ........ 107
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ........ 107
६.१ परिचय ........ 107
६.२ वर्तमान अवस्था ........ 107
६.३ लक्ष्य ........ 109
६.४ उद्देश्य ........ 109
६.५ रणनीतिहरू ........ 109
६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 110
कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू ........ 111

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

### १.१.१ अवधारणा

**नेपालको संविधान बमोजिम राज्य व्यवस्था र यसमा उल्लेख भएका शिक्षा सम्बन्धी व्यवस्थाः**

नेपालको संविधानले संघिय गणतन्त्रात्मक लोकतान्त्रिक शासन व्यवस्थालाई अंगिकार गरेको छ। राज्यको शासकीय स्वरुपमा संघ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने वयवस्था छ। सो अनुरुप तीनै तहको निर्वाचन भई संविधानमा रहेको व्यवस्था बमोजिम कार्यहरु हुँदै आएका छन्। संविधानले भाग १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ। जहाँ धारा ३१ मा शिक्षा सम्बन्धी हक रहेको छ। सो अनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँच हुने व्यवस्था छ।

राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था रहेको छ। अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई उच्च शिक्षा समेत निःशुल्क पाउने हक छ। दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा वहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने व्यवस्था छ। नेपालमा बसोवास गर्ने प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र संचालन गर्न पाउने व्यवस्था छ। त्यसै गरी धारा ३९ मा बालबालिकाको हक सम्बन्धमा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको अवसर प्रदान गरेको छ। प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा वाल सहभागिताको हक हुने व्यवस्था छ। यसै गरी संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीमा बुँदा नं ८ अन्तरगत आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन व्यवस्थापनसमेत सबै अधिकार स्थानीय तहबाट गरिने सुनिश्चितता रहेको छ भने अनुसूची ९ को साझा अधिकार सूचीको बुँदा नं २ मा शिक्षा खेलकूद र पत्रपत्रिका सम्बन्धमा राज्यका तीनै तहका सरकारले अवसर र महत्व दिनुपर्ने व्यवस्था छ ।

**शिक्षा क्षेत्र विकासको लागि कार्यान्वयनमा रहेका नीतिगत व्यवस्था र रणनीतिहरूः**

नि: शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ :

यस ऐन र नियमावलीका अनुसार प्रत्येक स्थानीय तह मार्फत् राज्यले ४ वर्ष उमेर पूरा भई १३ वर्ष उमेर नपुगेका बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा प्रदान गर्न ४ वर्ष उमेर पूरा भएपछि कम्तिमा १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गरिनु पर्ने अभिभावकले बालबालिकालाई पायक पर्ने विद्यालयमा

आधारभूत शिक्षा प्राप्तिका लागि भर्ना गरिनु पर्ने अभिभावकको पहिचान नभएका बालबालिकालाई सम्बन्धित स्थानीय तहले निजको शिक्षाका सुनिश्चितता गर्ने व्यवस्था रहेको छ।

नि: शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ को दफा १९ का अनुसार अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि संवत् २०८५ साल बैशाख १ पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्तिले कुनै पनि तहको सरकारी, गैर सरकारी वा निजी क्षेत्रमा स्थापित संस्थाको कुनै पदमा निर्वाचित, नियुक्ती, मनोनयन हुन वा रोजगारी प्राप्त गर्न, कुनै कम्पनी फर्म सहकारी वा गैर सरकारी संस्थाको संस्थापन गर्न, सेयरधनी हुन वा सदस्य हुन समेत योग्य नहुने व्यवस्था गरेको छ।

**राष्ट्रिय शिक्षा नीति २०७६**:

संघीय सरकारले प्रदेश र स्थानीय तहबाट समेत आवश्यकता अनुसार राष्ट्रिय नीतिमा प्रतिकूलता नहुने गरी आफनै रणनीति कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सकिने गरी शिक्षाको दूरदृष्टि लक्ष्य र रणनीतिहरुको परिधिभित्र रही देहाय बमोजिमका नीति तथा कार्यनीति अबलम्बन गर्ने भएको छः

- तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी गैर सरकारी सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बाल विकास कक्षा र कालविकास र स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने
- बालविकास कक्षाका शिक्षकहरुको योग्यतामा आधारित वृत्ति विकास र स्तर वृध्दिको अवसर प्रदान गर्ने
- बालविकास कक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासका खातिर पर्याप्त पूर्वाधार र बालमैत्री बनाइने
- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागीता संस्थागत क्षमता र गुणस्तर अभिवृध्दिका कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय सेवाक्षेत्रको मापदण्ड तथा कार्यविधि तयार गरी सबै विद्यालयहरुलाई व्यवस्थित गर्ने।
- खुद उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई अध्ययनमा निरन्तरताको व्यवस्था मिलाउने
- शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन भौतिक एवं शैक्षिक पूर्वाधार वयवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणसतर अभिवृध्दि गर्ने।
- बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाका अतिरिक्त नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाका रुपमा व्यवस्थापन गर्ने।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरुको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने।
- माध्यमिक शिक्षाको पहुँच विस्तारका साथै विद्यार्थीको रुची र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर प्रदान गर्ने।

**पन्ध्रौं योजना (आ.ब. २०७६/७७-२०८०/८१) मा शिक्षाका रणनीति** :

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य गर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चिच गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने ।
- विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने ।
- मानव संसाधन पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने ।
- निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तर गर्ने ।
- युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रुपमा सो शिक्षा तथा तालिम कार्यक्रमको विस्तर गर्ने ।
- सिकाइका सबै विधि र मार्गहरु खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण, प्रविधिक तथा व्यावसायिक सीप विकासको गतिशीलता र पारगम्यताको सिध्दान्तको आधारमा शिक्षा तालिम सीप र सिकाइको योग्यता निर्धारण गर्ने ।

**विद्यालय क्षेत्र विकास योजना २०७३-२०७८ :**

शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको ठूलो हिस्सा विनियोजन हुने गरेको तथ्यले नै शिक्षा राष्ट्रको प्राथमिकता क्षेत्र भएको जनाउँछ। प्रत्येक वर्षको वार्षिक बजेटमा शिक्षा क्षेत्रमा सबैभन्दा बढी रकम विनियोजन हुँदै आएको सन्दर्भमा शिक्षामा उल्लेख्य प्रगति भए तापनि अझै पहुँच, व्यवस्थापन तथा गुणस्तरमा अपेक्षित सुधार भै नसकेको देखिन्छ । त्यसैले विद्यालय क्षेत्र विकास योजना (२०७६।०७७- २०८०।०८१) ले विद्यालय शिक्षामा समय सापेक्ष सुधार ल्याउन र अन्तरार्ष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने सुयोग्य जनशक्ति उत्पादन गर्न योजनामा निम्नानुसारका रणनीति अबलम्बन गरिएको छ ।

१. प्रारम्भिक बालविकास कक्षामा ४ वर्ष उमेरका बालबालिकाहरुलाई भर्ना सर्वाङ्गीण विकासमा समुचित सिकाइ वातावरण र शिक्षकको पेशागत विकास

२. सूचना र सञ्चार प्रविधिको बढ्दो प्रयोग मार्फत् विज्ञान गणित र अंग्रेजी जस्ता मुख्य विषयको सिकाइ प्रक्रियामा प्राथमिकतासाथ सुदृढ व्यवस्थापन

३. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्युनतम पूर्वाधारसहित समावेशी र सबै विद्यार्थीहरुको समतामूलक शैक्षिक गुणस्तर हासिल गर्न शिक्षक तथा शैक्षिक स्रोत सुनिश्चित गर्न

४. जीवनोपयोगी सीप व्यवहारिक सीप र मूल्यमा आधारित शिक्षाको प्रयोगलाई समेटी पाठयक्रम पाठ्यसामग्री विकास र कार्यान्वयन

५. सीपयुक्त मानवीय स्रोतको विकास गरेर विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि तयार गर्न

६. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत् विद्यारथीको आधारभूत सीप प्राप्तीलाई सुनिश्चित गर्न

७. निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनमार्फत् निर्दिष्ट उमेरका सबै बालबालिकाहरुको पहुँच सिकाइ निरन्तरता र गुणस्तर वृध्दि गर्न योग्य शिक्षक व्यवस्थापन गरी पेशागत सहयोग र विकासमा जोड।

**शिक्षा क्षेत्र योजना (Education Sector Plan 2021/22-2029/30) २०७७:**

१. तोकिएको मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन र व्यवस्थापन सुदृढ गर्ने।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्शाङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चितता गर्ने।

३. स्थानीय सरकारको अगुवाइमा विद्यालयको भौतिक आर्थिक शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रबर्ध्दन गर्ने।

४. स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माधयमिक विद्यालयहरुको क्षमता सुधार गर्ने।

५. शिक्षाको गुणस्तर विकासका निम्ति शिक्षक शिक्षा तथा तालिम, सिकाइ सहजिकरण र विद्यार्थी मूल्यांकन पध्दतिमा सुधार गरिने।

६. विद्यालयमा पोषणको पूर्णतासहित दिवा खाजाको प्रबन्धलाई सुदृढ गर्ने।

७. गरिब सुविधाविहिन कठीन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई विद्यालय भर्ना निरन्तरता र सिकाइमा सक्रिय तुल्याउन छात्रवृत्ति प्रणालीलाई सुदृढ गर्ने।

८. साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई सर्बसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रको पुनर्वितरण र सबलिकरण गर्ने।

९. विद्यालय शिक्षामा सुशासन प्रबर्ध्दन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार तथा सूचना प्रविधिमा आधारित व्यवस्थापन नतिजाउन्मुख उत्तरदायित्व विकास गर्ने।

१०. विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण पध्दति सुदृढ गरी नतिजाका आधारमा सुधार गरिने।

११. विद्यालयको समग्र अनुगमन र मूल्याङ्कन संयन्त्रमा सक्रियता वृध्दि गर्ने।

**दिगो विकास लक्ष्य २०३० मा उल्लेख भएको शिक्षा सम्बन्धी व्यवस्था (लक्ष्य ४)**

समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रबर्धन गर्न दीगो विकास लक्ष्य नं ४ अन्तर्गत नेपालले शिक्षा क्षेत्रमा निम्न कार्यहरु गर्ने लक्ष्य राखेको छः

१. सन् २०३० सम्ममा सबै छात्रछात्राहरुलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरु पराप्त गर्न सकुन् भन्ने उध्येश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने
२. सबै छात्रछात्राहरुलाई प्राथमिक शिक्षाका लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास हेरचाह र पूर्व प्राथमिक शिक्षा उनीहरुको पहुँ सुनिश्चित गर्ने ।
३. क्षमताले धानन सकिने तथा गुणस्तरीय प्राविधिक व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा महिला र पुरुषहरुको समान पहुँचको सुनिश्चितता गर्ने ।
४. रोजगारी मर्यादित जागीर र उद्यमशीलताको लागि प्राविधिक एवं व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप दक्षता भएका युवा र वयस्कहरुको सङ्ख्या वृध्दि गर्ने ।
५. शिक्षामा लैङ्गिक असमानताहरुको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरुको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरुमा समान पहुँचको सुनिश्चितता गर्ने ।

**प्राकृतिक तथा मानवीय प्रकोपमा शिक्षा क्षेत्रको अवस्था र उत्थानशिलता तथा गतिशिलताको आवश्यकताः**

नेपाल एक भूपरिवेष्ठित देश हो । भौगोलिक रुपमा पनि नेपालको संरचना विविधतापूर्ण छ । यहाँ ६८ प्रतिसत पहाड, १७ प्रतिसत तराइ र १५ प्रतिसत हिमाली धरातल रहेको छ । यहाँ वर्षेनी बाढी, पहिरो, चट्याङ्ग, आँधीहुरी, हिमपात, शितलहर र समय समयमा भूकम्प जस्ता प्राकृतिक प्रकोपका अवस्थाहरु आउँछन् । यसै गरी आगलागी, रोगको महामारी जस्ता मानवीय प्रकोप पनि भैरहेका हुन्छन् । यस अवस्थामा मानवीय गतिविधि र व्यवहारमा प्रतिकात्मक असर पर्दछ । यतिबेला शिक्षा, स्वास्थ्य, रोजगार र उत्पादनमा त असर पार्छ साथै मनोसामाजिक रुपमा नै मानिसलाई असन्तुलित तुल्याउँछ । विपदको यस अवस्थामा बृध्दबृध्दा तथा बालबालिकाहरु बढी प्रभावित हुने गरेको पाइन्छ । समग्र प्रभावित मानिसहरुको गाँस, आवास र स्वास्थ्य अवस्था कायम राख्न उध्दार र राहतका कार्यहरु अबिलम्ब सञ्चालन गर्नु जरुरी हुन्छ । यस निम्ति विपद व्यवस्थापन योजना अनुरुप समुचित कार्यान्वयन आवश्यक हुन्छ । यस परिस्थितिमा विशेष गरी बालबालिकाहरुको सिकाइ गतिविधिलाई निरन्तरता दिनु अपरिहार्य हुन्छ । गाउँ टोल, वस्तीमा सामुदायिक भवन, अस्थायी सिकाइ केन्द्र व्यवस्थापन गरी शिक्षक सहजकर्ता र स्वयंसेवक मार्फत सिकाइ सहजिकरण कार्य गर्न आवश्यक कार्ययोजना र स्रोत सामग्रीको पूर्व तयारी गर्नुपर्दछ ।

**स्थानीय तहको योजना निर्माणको आवश्यकता**

२०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनमा आधारित संविधानको घोषणा र कार्यान्वयनको प्रारम्भसँगै २०७४ सालमा स्थानीय प्रदेश र संघीय सांसदको निर्वाचन भै देशमा ३ तहका सरकार गठन भएका छन् । जस अनुरुप स्थानीय तहको सरकारले संविधान प्रदत्त आफ्नो क्षेत्रको शिक्षा स्वास्थ्य पूर्वाधार विकास र समग्र पक्षको व्यवस्थापन र विकास गर्ने अख्तियार पाएको छ । यसका लागि स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्ययोजनाको आवश्यकता वान्छनीय भएको छ । यस अन्तरगत आफ्नो क्षेत्रको विद्यमान शिक्षा र साक्षरताको अवस्था विश्लेषण गरी संघीय ऐन कानुन कार्यविधि र मापदण्ड अनुसार यस गाउँपालिकाको शैक्षिक स्थितिको पहिचान र सबैलाई शिक्षाको अवसर एवं गुणस्तर सुधारमा आवश्यक व्यवस्थापन तथा प्राथमिकता अनुरुप समयसापेक्ष अग्रगामी सुधार ल्याउन आवधिक शिक्षा योजना वान्छनीय भएको छ । सो बमोजिम पञ्च वर्षिय गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन कार्य हुन गएको हो ।

## १.१.२ सन्दर्भ

**संघीय संरचना पछि शिक्षा क्षेत्रका अवसरहरू**

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृध्दि गरी गुणस्तरमा सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृध्दि विद्यालय तहको खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कमा प्रगति देखिनु, शिक्षामा समावेंशी सहभागिता अभिवृध्दि हुनु, सार्वजनिक विद्यालयप्रतिको चासो र जन अपेक्षा बढ्दै जानु, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रबर्ध्दन गर्दै रोजगारीका अवसरमा वृध्दि गर्ने सरकारको नीति रहने, शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृध्दि गर्न सकिने अवस्था देखिने, तीन तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहनु, प्राविधिक शिक्षा विस्तारमार्फत् स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेवा पुर्याउन सक्ने एवं रोजगारीको खोजीमा विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न सकिने वातावरण तयार हुनु र गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी नेपाललाई विविध विषयमा उच्च शिक्षाको अधययन केन्द्र बनाउन सकिने वातावरण तयार हुनु नै शिक्षा क्षेत्रमा हालका प्रमुख अवसर हुन् ।

- मानव विकास सूचांकमा नेपाल र स्थानीय तहको अवस्था
- नेपालले मानव विकास सूचकांक (एचडिआई)मा थप सुधार गरेको छ। राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सन् २०२० को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकांक ०.५८७ छ। यो अघिल्लो वर्ष सन् २०१९ को तुलनामा ०.०८ अंकले बढी हो। एचडिआई शून्यदेखि १ बीचको अंकमा गणना हुन्छ। १ अंकबाट जति नजिक एचडिआई भयो, त्यति नै मुलुक आर्थिक तथा सामाजिक रूपमा विकसित भएको मानिन्छ।
- विगत पाँच वर्षदेखि नेपाल मध्यम मानव विकासको कोटीमा छ। ० दशमलव ५५० अंकभन्दा माथि ० दशमलव ६९० सम्म एचडिआई हुनुलाई मध्यमस्तर मानिएको छ। पछिल्ला वर्षमा स्वास्थ्य, शिक्षा र आर्थिक वृद्धिदरमा सकारात्मक सुधार भएकाले नेपालको एचडिआईमा वृद्धि भएको प्रतिवेदनले उल्लेख गरेको छ। यस गाउँपालिकाको मानव सूचकाङ्कको अवस्था यकिन गरिएको छैन । यद्यापि औसत आयु राष्ट्रिय स्तरको अनुपातमा रहेको अनुमान छ भने यहाँका जनताको आर्थिक स्तर अन्तर्गत अति गरीब र विपन्न वर्गमा केही जनसंख्या रहेको तथा प्रायः जनताको आर्थिक अवस्था सामान्य रहेको पाइन्छ ।

- यहाँको साक्षरता स्थिति ९७.५७ रहेको छ । ६ वर्षदेखि ५९ वर्ष उमेर समुहको जनसंख्याको साक्षरता स्थितिः

| जनसंख्या | जम्मा जनसंख्या | साक्षर जनसंख्या | साक्षरता प्रतिसत |
|---|---|---|---|
| पुरुष | ३३०९ | ३२९२ | ९९.४८ |
| महिला | ३०७३ | २९३५ | ९५.५१ |
| जम्मा | ६३८२ | ६२२७ | ९७.५७ |

# गोसाईकुण्ड गाउँपालिकाको परिचय

## १.१.३ पृष्ठभूमि

वागमती प्रदेशमा रहेका १३ जिल्ला अन्तर्गत ११९ वटा स्थानीय तहहरु मध्ये गोसाईकुण्ड गाउँपालिका यस रसुवा जिल्लाको उत्तरी भागमा अवस्थित छ । रसुवा जिल्लाको सदरमुकाम धुञ्चे लगायत यस गाउँपालिकामा गोसाईकुण्ड, सूर्यकुण्ड, लाङटाङ हिमाल र छिमेकी राष्ट्र चीनको तिव्वतसँग जोड्ने रसुवागढी नाका रहेको छ । यस गाउँपालिकाको केन्द्र वडा नं ५ स्थित स्याफ्रुवेसीमा रहेको छ र राजधानी काठमाडौंदेखि पासाङल्हामु सडक मार्ग हुँदै यो ठाउँ १३२ किमी दुरीमा रहेको छ । यस गाउँपालिकामा प्राकृतिक रुपमा दुर्लभ जनावर हाब्रे, हिम चितुवा तथा यार्चागुम्वा जस्ता वनस्पति पनि पाइन्छ । यस गाउँपालिकाको क्षेत्रफल ९७८.७७ वर्ग किमी छ जुन जिल्लाका अन्य ४ गाउँपालिकाभन्दा ठूलो हो । यस गाउँपालिकाको वडा नं १ थुमन बाहेक बाँकि ५ वटै वडाहरु लाङटाङ राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्दछन् । २०७७ सालमा प्रत्येक वडामा गरिएको घरधुरी सर्भेक्षण अनुसार यहाँको कूल जनसंख्या ८१४३ रहेको छ भने ६ वर्षमाथिको साक्षरता दर ९७.५७ प्रतिसत रहेको छ ।

यस गाउँपालिकामा १५ वटा सामुदायिक विद्यालय तथा ४ वटा संस्थागत विद्यालय सञ्चालित छन् । यहाँ स्नातक तहको क्याम्पस १ रहेको छ । शैक्षिक पहुँच विस्तारतर्फ हिमाली छात्रावास २, अपाङ्ग स्रोत कक्षा १, CTEVT बाट सम्बन्धन प्राप्त Electrical Sub-overseers चलेको विद्यालय १, आधारभूत तह खुला विद्यालय १ तथा विद्यालयमा आधारित प्रारम्भिक वालविकास केन्द्र १३ वटा, ६ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । सामुदायिक विद्यालयका शिक्षक ८२ वाविके सहजकर्ता १३ तथा कर्मचारी १८ जना रहेका छन् । गत २०७८ बैशाखमा दरवन्दी मिलान कार्य सम्पन्न भई हाल कायम प्रावि ५२ निमावि १६ र मावि १४ शिक्षक तथा कर्मचारी १८ जना कार्यरत छन् । शैक्षिक सत्र २०७८ को IEMIS प्रतिवेदन अनुसार सामुदायिकमा १३७८ र संस्थागत विद्यालयतर्फ ७८५ समेत कूल जम्मा २१६३ जना विद्यार्थी अध्ययनरत छन्। ।

**भौगोलिक अवस्थिति तथा जनसांख्यिकी**

भौगोलिक क्षेत्र : हिमाल प्रदेश : वागमती जिल्ला : रसुवा
गाउँपालिकाको नाम : गोसाईकुण्ड गाउँपालिका
समावेश भएका साविक गाविसहरु : धुञ्चे, स्याफ्रू, बृद्धिम, लाङटाङ, टिमुरे र थुमन गाविस
जनसंख्या : ८१४३ क्षेत्रफल : ९७८.७७ व.कि.मी.
केन्द्र : वडा नं. ५ स्याफ्रूवेंशी वडा संख्या : ६
सीमाना : पूर्व– सिन्धुपाल्चोक जिल्ला र चीन, पश्चिम– पार्वतीकुण्ड,उत्तरगया र कालिका गा.पा.
उत्तर– चीन दक्षिण– नौकुण्ड गा.पा., नुवाकोट र सिन्धुपाल्चोक

## भौतिक पूर्वाधार तथा सेवा प्रवाह

| पूर्वाधार | संख्या |
|---|---|
| क्याम्पस (१) तथा विद्यालय संख्या | १९ (सामुदायिक १५, संस्थागत ४) |
| स्वास्थ्य संस्था (आयुर्वेद र जिल्ला अस्पताल समेत) | १० |
| कृषि सेवा केन्द्र | २ |
| पशुसेवा केन्द्र | २ |
| इलाका वन र रेन्ज पोष्ट | १ |
| सडक लम्बाइ (कि.मी.) मुख्य सडक | ११ ग्राभेल, पिच २३ र कच्ची ३१ |
| ग्रामिण सडक (वडा नं.४ बाहेक सबै वडा वस्ती) | ७५ किमी कच्ची सडक |
| चर्चित मन्दिर, गुम्बा र चर्च | ४, १३ र २ |

## वडा विभाजन : क्षेत्रफल र जनसंख्या

| वडा नं. | समावेश भएका साविक गाविस | साविक वडा नं. | जनसंख्या जम्मा | महिला | क्षेत्रफल (व.कि.मी.) |
|---|---|---|---|---|---|
| १ | थुमन | १–९ | ९९४ | ४९७ | ६४.५१ |
| २ | टिमुरे | १–९ | ४८५ | २३५ | १६४.०५ |
| ३ | बृद्धिम | १–९ | ४८६ | २३७ | ५५.११ |
| ४ | लाङटाङ | १–९ | ४६६ | २४९ | ४९४.९६ |
| ५ | स्याफ्रू | १–९ | २५७३ | १२४९ | १२२.३१ |
| ६ | धुञ्चे | १–९ | ३१३९ | १४५५ | १७.८३ |
| | कूल जम्मा | | ८१४३ | ३९२२ | ९७८.७७ |

## विद्यालय जाने उमेर समुहको जनसंख्या

| जनसंख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ३-४ वर्ष | १२८ | १३७ | २६५ |
| ४ बर्ष | ६५ | ६८ | १३३ |
| ५वर्ष | ७५ | ५० | १२५ |
| ५-९ वर्ष | २९५ | ३२७ | ६२२ |
| ५-१२ बर्ष | ५२९ | ५४७ | १०७६ |
| १०-१२ बर्ष | २३४ | २२० | ४५५ |
| १३-१४बर्ष | १५३ | १६१ | ३१४ |
| १३-१६ बर्ष | ३६६ | ३३१ | ६९७ |
| १५-१६ बर्ष | २१३ | १७० | ३८३ |

श्रोत : शिक्षा तथा मानव श्रोत विकास केन्द्रको प्रक्षेपण २०७७

विद्यार्थी भर्नाको विवरण २०७८ (*स्रोतः इमिस फाइल २०७८ कार्तिक*)

| तह | विद्यालयको प्रकार | | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बाल विकास | १३ | ४ | ७५ | ८७ | १६२ | ११४ | १२४ | २३८ |
| प्रारम्भकि कक्षा १–३ सम्म संचालित विद्यालय | १५ | | २१३ | १७५ | ३८८ | १२४ | १२८ | २५२ |
| आधारभूत तह १-५ | १३ | ३ | २८६ | २५२ | ५३८ | १८७ | १९२ | ३७९ |
| आधारभुत तह ६-८ | ७ | ३ | १२६ | १३७ | २६३ | ५५ | ५८ | ११३ |
| मा.वि तह ९-१० | २ | २ | ११५ | १०१ | २१६ | ३४ | २१ | ५५ |
| मा.वि तह ११-१२ | २ | ० | १२५ | ७४ | १९९ | | | |
| जम्मा विद्यालय | १५ | ४ | ७२७ | ६५१ | १३७८ | ३९० | ३९५ | ७८५ |
| प्राविधिक माध्यमिक विद्यालय TSLC | Electrical Sub- Overseers 18 months | | | | | ११ | १२ | २३ |

## भर्ना सम्बन्धी विभिन्न सूचकाङ्कहरु

| सूचक | जम्मा | | |
|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र |
| प्रारम्भिक बाल शिक्षा तथा बाल विकास र पूर्व प्राथमिक शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | **१२४** | **६५** | **५९** |
| | **वालविकासको अनूभव हाासिल गरेका ५७ प्रतिशत विद्यार्थी कक्षा १ मा भर्ना भएका छन् ।** | | |
| कक्षा १ मा कूल नयाँ भर्ना दर **(GIR)** | १०४.६ | ९८.६ | ११०.१२ |
| कक्षा १ मा खूद नयाँ भर्ना दर **(NIR)** | २३.६८ | २८.७६ | १८.९८ |
| आधारभूत तहमा कूल भर्ना दर **(GER)** | | | |
| कक्षा १-५ | ११३.३१ | ११०.१७ | ११६.६२ |
| कक्षा १-८ | १२१.३८ | १२४.३२ | ११८.५९ |
| आधारभूत तहमा खूद भर्ना दर **(NER)** | | | |
| कक्षा १-५ | ६१.८७ | ५८.१७ | ६५.३९ |
| कक्षा १-८ | ४५.०७ | ४२.०२ | ४७.९७ |

## विद्यार्थीको तहगत लैङ्गिक समता सुचक (GPI)

| तह | सामुदायिक विद्यालय | | | निजी विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | लैङ्गिक समता सुचक (GPI) | छात्रा | छात्र | लैङ्गिक समता सुचक (GPI) |
| प्रारम्भिक बाल विकास | ७५ | ८७ | ०.८६ | ११४ | १२४ | ०.९२ |
| प्रारम्भकि कक्षा १–३ सम्म संचालित विद्यालय | २१३ | १७५ | १.२२ | १२४ | १२८ | ०.९७ |
| आधारभूत तह १-५ | २८६ | २५२ | १.१३ | १८७ | १९२ | ०.९७ |
| आधारभुत तह १-८ | १२६ | १३७ | ०.९२ | ५५ | ५८ | ०.९५ |
| मा.वि तह १-१० | ११५ | १०१ | १.१४ | ३४ | २१ | १.६२ |
| मा.वि तह ११-१२ | १२५ | ७४ | १.६९ | | | |

## विद्यार्थीको विषयगत सिकाइ उपलब्धी विवरण

| कक्षा | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान |
|---|---|---|---|---|---|
| कक्षा १ | ६२.२४ | ६२.०२ | ६२.५३ | ५७.७८ | ६२.२३ |
| कक्षा २ | ६१.५५ | ६४.६९ | ६४.०३ | ६२.९८ | ६४.२३ |
| कक्षा ३ | ६३.०८ | ६४.१४ | ६४.९ | ६४.५ | ६७.०४ |
| कक्षा ४ | ६२.७२ | ६०.९४ | ६६.६५ | ५९.९१ | ६४.१४ |
| कक्षा ५ | ६६.२५ | ६५.८३ | ६४.७८ | ६७.४४ | ६४.६९ |
| कक्षा ६ | ४६.१४ | ४९.९५ | ५८.९१ | ५१.४३ | ५०.९५ |
| कक्षा ७ | ४४.९ | ४५.२२ | ६०.९७ | ४७.१४ | ४५.८५ |
| कक्षा ८ | ४०.०३ | ४०.८६ | ६०.९१ | ४०.४१ | ४१.३३ |
| कक्षा ९ | ३४.१४ | ३३.५८ | ५४.९५ | ३७.६३ | ३३.०५ |
| कक्षा १० | ३४.२ | ३३.१६ | ६२.३४ | ३२.४५ | ३३.९३ |

विष्लेषण: आधारभुत तह कक्षा १–५ मा ८० प्रतिसत सिकाइ सक्षमता हुनु पर्ने, कक्षा ६–८ मा ७० प्रतिसत र कक्षा ९–१० मा ६० प्रतिसत हुनु पर्नेमा यहाँ केबल आधारभुत र माविमा क्रमश: ६३, ४२ र ३४ प्रतिसत मात्र औसत उपलब्धी भएको हुँदा यसमा सुधार ल्याउन विद्यालयहरुले तत्काल कार्य सम्पादनमा आधारित शिक्षण सिकाइ समय मापन योजना अनुरुप सहजिकरण गनुपर्ने देखिन्छ ।

## सक्षमता सूचकाङ्कहरु

| सूचकाड्कहरु | प्राथमिक तह (कक्षा १–५) | | | निम्न माध्यमिक तह(कक्षा६–८) | | | माध्यमिक तह (कक्षा ९–१०) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| कक्षा ५ मा विद्यार्थी टिकाउ दर | ७८।१४ | ७७।१७ | ७९।११ | | | | | | |
| कक्षा ८ मा विद्यार्थी टिकाउ दर | | | | ७०।२७ | ६८।३९ | ७२।१५ | | | |
| कक्षा उत्तीर्ण दर | ७३।६५ | ७२ | ७५।२२ | ७२।४७ | ६८।७९ | ७६।१५ | ८७।८३ | ९० | ८४।९५ |
| कक्षा दोहोऱ्याउने दर | ५.४९ | ६.११ | ४.९१ | ३.९४ | ४.०१ | ३.८७ | २.६६ | २ | ३.५३ |
| कक्षा छोड्ने दर | २०.८४ | २१.८८ | १९.८६ | १९.१२ | १८.२७ | १९.९७ | ९.५ | ८ | ११.५ |

## विभिन्न तहमा शिक्षक तालिमको अबस्था २०७८ असारसम्म

| तालिमको अबस्था | जम्मा शिक्षक संख्या | महिला शिक्षक संख्या | तहगत रुपमा तालिम लिने शिक्षक प्रतिशत |
|---|---|---|---|
| **बालविकास सहजकर्ता** | १० | ८ | ८० प्रतिशत |
| **प्रारम्भिक कक्षा तालिम प्राप्त शिक्षक** | | | |
| १० दिने शिक्षक पेसागत विकास तालिम प्राप्त | १० | ६ | ५० प्रतिशत |
| ५ दिने पुनर्ताजगी तालिम प्राप्त | | | |
| **२ दिने शिक्षक पेषागत सहयोग तालिम विज्ञ समुह** | २ | १ | |
| **प्राथमिक शिक्षक** | | | |
| शिक्षक पेसागत विकास तालिम प्राप्त जम्मा शिक्षक | **१२** | ४ | **३३ प्रतिशत** |
| **निम्न माध्यमिक शिक्षक** | | | |
| शिक्षक पेसागत विकास तालिम प्राप्त जम्मा शिक्षक | ४ | २ | ५० प्रतिशत |
| **माध्यमिक शिक्षक** | | | |
| शिक्षक पेसागत विकास तालिम प्राप्त जम्मा शिक्षक | २ | १ | ५० प्रतिशत |

सामुदायिक विद्यालयको विभिन्न तहमा शिक्षक– विद्यार्थी अनुपात

| | **प्रारम्भिक वालविकास** | **आधारभुत तह** (कक्षा १–५) | **आधारभुत तह** (कक्षा ६–८) | **माध्यमिक तह** (कक्षा ९–१०) | **माध्यमिक तह** (कक्षा ११–१२) |
|---|---|---|---|---|---|
| तहगत शिक्षक | १० | ५२ | १६ | १० | ४ |
| **तहगत विद्यार्थी** | १६२ | ५३८ | २६३ | २१६ | १९९ |
| **शिक्षक विद्यार्थी अनुपात (STR)** | १६.२ | १०.३ | १६.४ | २१.६ | ४९.८ |

**विभिन्न तहमा कक्षा र विद्यार्थी अनुपात**

| प्रारम्भिक वालविकास | आधारभुत तह (कक्षा १–३) | आधारभुत तह (कक्षा १–५) | आधारभुत तह (कक्षा ६–८) | माध्यमिक तह (कक्षा ९–१०) | माध्यमिक तह (कक्षा ११–१२) |
|---|---|---|---|---|---|
| १२.४६ | ९ | ७.९ | ११.५७ | ५६.५ | ४९.७५ |

**कक्षाकोठा र विद्यार्थीको अनुपात**

| वाल विकास | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२.४६ | ९.६७ | ९.२१ | ८.१४ | ६.०८ | ६.४२ | ९.८८ | १० | १४.८६ | ५८ | ५५ | ५६ | ४३.५ |

## शिक्षण सिकाइ वातावरणको अवस्था (सामुदायिक विद्यालय)

| | **बाल विकास** | **आधारभुत तह** (कक्षा १–३) | **आधारभुत** तह (कक्षा १–५) | **आधारभुत** तह (कक्षा ६-८) | **माध्यमिक तह** (कक्षा ९-१०) | **माध्यमिक** तह (कक्षा ११-१२) |
|---|---|---|---|---|---|---|
| जम्मा छापामय कक्षा | ६ | ५ | ५ | ० | ० | ० |
| पढाइ कुना (कम्तिमा ५० किताब संख्या भएको) | २ | ५ | ५ | ० | ० | ० |
| पुस्तकालय | ५ | ४ | ४ | ४ | २ | २ |
| शिक्षण सिकाइको लागि कम्प्यूटर प्रयोगशाला | ० | ० | १ | ३ | २ | २ |
| शिक्षण सिकाइको लागि विज्ञान प्रयोगशाला | ० | ० | ० | १ | २ | २ |
| **Multimedia/TV** सुविधा | ० | ० | ० | २ | २ | २ |
| **Interactive Board** | ० | ० | ० | १ | १ | १ |

## समताको अवस्था

| अपाङ्गता | शारिरीक | बौद्धिकता | बहिरा | दृष्टिविहिन | कमजोर दृष्टि | बहिरा र दृष्टिविहिन | दृष्टि र बोलाइ |
|---|---|---|---|---|---|---|---|
| अपाङ्ग विद्यार्थीका लागि स्रोत कक्षाहरु | ० | ० | १ | ० | ० | ० | ० |
| स्रोत कक्षाहरुमा स्रोत शिक्षकहरुको उपलब्धता | ० | १ | १ | ० | ० | ० | ० |
| स्रोत कक्षाहरुमा स्रोत सामग्रीहरुको उपलब्धता | ० | छ | छ | ० | ० | ० | ० |
| विद्यार्थी संख्या | | | ५ | | | | |

| भाषा | विद्यालय संख्या |
| --- | --- |
| स्थानिय भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय संख्या | १५ |
| नेपाली भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय संख्या | १५ |
| अंग्रेजी भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय संख्या | २ |
| आधारभूत तहमा स्थानिय भाषालाई द्वैभाषीको रुपमा प्रयोग गरिने विद्यालय | १५ |

**विद्यालय शिक्षा क्षेत्रका मुख्य अवसरहरू**

नेपालमा शिक्षा सम्बन्धमा हालसम्म भएका योजना तथा कार्यक्रमले विद्यालय शिक्षामा प्राप्त मुख्य अवसरहरु यस प्रकार छन्

१ सरकारी योजना तथा नीतिमा विद्यालय तहको शिक्षाले उच्च प्राथमिकता प्राप्त गरेको छ।

२ गाउँ तथा समुदायका तहसम्म पर्याप्त संख्यामा विद्यालयहरु खुलेका छन् र तिनले विद्यार्थी भर्नाको मागको दिगो सम्बोधन गर्ने क्षमता राख्दछन्।

३ एकीकृत समता रणनीति आफ्नै विशेष प्रकारको पहिलो रणनीति हो **(DoE, 2014)**। यसका दुई पक्ष छन्। विभेदमा आधारित सूत्र मार्फत् स्रोतको विनियोजनको प्राथमिकीकरण र विद्यमान लक्ष्य केन्द्रित समता रणनीति। यी अबका मुख्य अवसर हुन्।

४ शिक्षामा सूचना तथा सञ्चार गुरु योजना **(MoE 2013)** को कार्यान्वयनले विद्यालयहरुमा कम्पयुटर र इन्टरनेट उपलब्ध भएका छन्। विद्यालय तहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको स्तर वृध्दि भएको छ।

५ नेपालको संविधानले शिक्षाप्रति प्रतिबध्दता जाहेर गरेको छ र सन् २०३० सम्ममा विश्वव्यापी शिक्षाको घोषणा गरेको छ **(UNESCO 2015)**। यसले नेपालमा अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्यमा बढावा दिनेछ।

६ शिक्षकको पेशागत ज्ञानमा वृध्दि भइरहेको छ। प्रतिस्पर्धात्मक छनौटका आधारमा शिक्षकहरुको नियुक्ति भएको छ। यस क्रमले निरन्तरता पाएको छ।

७ समग्र गुणस्तर परीक्षा प्रणाली, शिक्षक छनौट, शिक्षक तालिम, पेसागत विकास तथा विद्यार्थीको उपलब्धी मापनका लागि पाठ्यक्रम विकास तथा विद्यालय व्यवस्थापनमा स्थानीयकरण भएको छ।

८ शिक्षामा समुदाय तथा परिवारको लगानी स्वस्पुर्त बढेको छ र यसले शिक्षाको कूल खर्चको ४८ प्रतिसत हिस्सा ओगटेको देखिन्छ। यसले विद्यार्थीका अभिभावकहरु आफ्ना सन्ततिको शिक्षाका लागि सहयोग तथा लगानी गर्न तत्पर रहेको देखाउँछ र गैर सरकारी संस्था तथा नागरिक समाजको शिक्षामा संलग्नता बढ्दै गरेको छ।

९ समग्र शिक्षा क्षेत्र मुलुकलाई अल्पविकसित राष्ट्रको दर्जाबाट माथि उठाउने र वैदेशिक रोजगारीका सीपको प्रमाणीकरण गर्ने राष्ट्रिय लक्ष्यप्रति प्रतिबध्द छ।

१० वि सं २०७९ सम्ममा नेपाललाई अल्पविकसितबाट विकासशील राष्ट्रमा रुपान्तरण गर्ने र वि सं २०८७ सम्ममा मध्यम आय मुलुक बनाउने प्रतिबध्दताले दिगो विकास लक्ष्य अन्तर्गत जीवनपर्यन्त शिक्षाका लागि प्रेरणा प्रदान गरेको छ।

११ सम्भावित प्राकृतिक प्रकोप तथा रोगको माहामारीका सन्दर्भमा विपद पूर्व तयारी तथा प्रतिकार्यका लागि विद्यालयको सबलिकरण भएको छ । राज्यले सार्वजनिक विद्यालयको पूर्वाधार निर्माण, गुणस्तर सुधार , निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा एवं निःशुल्क माध्यमिक शिक्षा प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको छ ।

१२ संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहलाई माध्यमिक शिक्षासम्मको व्यवस्थापन र नियमनको व्यवस्था भए अनुरुप सोको कार्यान्वयन भैरहेको छ ।

१३ दिगो विकास लक्ष्यप्रति जाहेर गरिएको प्रतिबध्दता अनुसार यौनिकता शिक्षाको थालनी गरेर शिक्षा क्षेत्रमा स्वास्थ्य तथा पोषण एवं विद्यालयमा स्वास्थ्य सुविधाका लागि स्वच्छ पिउने पानी सरसफाइका अवस्थाको सुधारप्रति सरकार, नागरिक समाज तथा दातृ निकायहरु प्रतिबध्द रहेका छन् ।

१४ एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली, शून्य दरवन्दी रहेका विद्यालयमा अनुदान शिक्षक व्यवस्था, सक्षमतामा आधारित पाठ्यक्रम, नमुना विद्यालय विकास कार्यक्रम, माध्यमिक शिक्षामा प्राविधिक धार व्यवस्थाले गुणस्तरीय शिक्षा र सक्षम जनशक्ति तयारीको आधारलाई पनि विद्यालय शिक्षा क्षेत्रको अवसर लिन सकिन्छ ।

## शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता

## गोसाईकुण्ड गाउँपालिकाको शिक्षा व्यवस्थापन नीति २०७८।०७९

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिइनेछ । विद्यालय शिक्षामा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तब्यवोध गराउने जस्ता विषय समेत समावेश गरी स्थानीय पाठ्यक्रम **लाङटाङको सेरोफेरो**लाई निरन्तरता दिई सो मार्फत आदर्श र अनुशासित नागरिकका गुणहरु र सांस्कृतिक सम्पदाहरुको अध्ययन अध्यापन गराउन जोड दिइनेछ । विद्यालय तहदेखिनै जीवनउपयोगी, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिने नीति लिइनेछ ।
- विद्यालय जाने उमेरका सम्पुर्ण बालबालिकाहरुलाई अनिवार्य विद्यालय जाने अवस्था सिर्जना गरी गुणस्तरीय विद्यालय शिक्षाको प्रत्याभूति गरिनेछ । विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै विद्यालयमा (शिक्षणमैत्री) वालमैत्री बातावरणका सहित शैक्षिक सुशासनको प्रत्यभूति गरिनेछ ।

- गरिव, जेहन्दार तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोशाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सार्वजनिक पुस्तकालय र वाचनालयको प्रवर्द्धन गरिनेछ । वैकल्पिक शिक्षा र साक्षर कक्षाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।
- आधुनिक र गुणस्तरीय शिक्षा प्रवाह गर्नका लागि आवश्यकता अनुसार विशेषज्ञ शिक्षकबाट धेरै विद्यालयमा एकै समयमा अध्यापन गराउन सकिने गरी सूचना प्रविधिको माध्यमबाट अध्यापन गर्ने कार्यको थालनी गरिनेछ । यसका लागि श्रब्यदृश्य उपकरणको माध्यमबाट शिक्षा प्रवाह गर्ने संरचनाको विकास गर्न जोड दिइनेछ ।
- कक्षा ११।१२ मा विज्ञान विषय तथा उच्च शिक्षा तहमा प्राविधिक शिक्षा अध्ययनरत दलित, अपांगता भएका र अति विपन्न परिवारका छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने नीति तय गरिनेछ ।

### १.१.४ योजना निर्माण प्रक्रिया-

- गाउँपालिका क्षेत्रका विद्यालयहरुको विद्यालय सुधार योजना अध्ययन
- शिक्षक विव्यसबाट प्राप्त विद्यालयगत अवस्था, आवश्यकता र प्राथमिकतापूर्ण विवरण अध्ययन
- योजनाको तयारी तथा विकासको लागि संरचनात्मक व्यवस्था
  - गाउँकार्यपालिका: शिक्षा समितिमा आबधिक योजना निर्माणको निर्णय
  - योजना तर्जुमा तथा लेखन कार्यदल : ७ सदस्यीय योजना तर्जुमा र लेखन कार्यदल गठन
- शिक्षा क्षेत्रका SSDP, १५ औं योजना, SDG, ESP र यहाँका विद्यालयको मौजुदा अवस्था अध्ययन तथा विश्लेषण
- मस्यौदा तयारी/योजना लेखन/ सरोकारवालाहरुको कार्यशाला तथा पृष्ठपोषण संकलन र समावेश
- गाउँ शिक्षा समितिमा छलफल, सुझाव संकलन समावेश तथा निर्णय
- गाउँ कार्यपालिका बैठकमा पेश, छलफल तथा स्वीकृती

## परिच्छेद २: नयाँ शिक्षा क्षेत्र योजना

- विद्यमान शिक्षा योजनाले निर्देशित गरेका पक्षहरू :

यस गाउँपालिकाको शिक्षा विकास योजना गाउँपालिकाले स्वीकृत गरेको शिक्षा नीति तथा कार्यक्रम एवं संघीय सरकार र प्रदेश सरकारबाट निर्देशित शिक्षा सम्बन्धी नीति, कार्यक्रमका साथै मापदण्डहरुमा आधारित छ। संघीय सरकारको शिक्षा क्षेत्रमा कार्यान्वयन हुँदै आएको विद्यालय क्षेत्र विकास योजना (SSDP) अबधि पूरा हुँदै गरेको सन्दर्भमा चालु वर्षदेखि शिक्षा क्षेत्र योजना ( ESP 2078-083) लागू हुन गैरहेको छ। यस शिलशिलामा विद्यालय क्षेत्र विकास योजना (SSDP) बाट भए गरेका विद्यालय शिक्षा सुधार तथा हालसम्म प्रगति भएका उपलब्धीहरुलाई मौजुदा अवस्थाको आधार लिई यो योजना तयार गरिएको छ । ती उपलब्धीहरु नै यो शिक्षा योजना निर्माणमा निर्देशित पक्षका रुपमा देहायानुसार उल्लेख गरिएको छ।

१. योजनाले राखेको लक्ष्य उद्धेश्य र कार्यक्रम अनुरुप राष्ट्रको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि आवश्यक स्वाबलम्बी प्रतिस्पर्धी नवप्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्याउने कार्यको कार्यान्वयन गरेको थियो।

२. संघीय स्वरुपलाई दृष्ट्रिगत गर्दै समाजका विविधितापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात गरी सबै नागरिकलाई उत्पादनसिल जीवनयापन गर्न चाहिने कार्यमूलक साक्षरता गणितीय ज्ञान सिप तथा आधारभूत प्रयासमार्फत् मूलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्धेश्यका साथ कार्यक्रमहरु कार्यान्वयन गरिए।

३. योजनामा लक्षित नतिजामार्फत विद्यालय शिक्षामा समता गुणस्तर सक्षमता सुशासन तथा व्यवस्थापन र उत्थानशिलताका आधारमा समग्र कार्यक्रमहरु कार्यान्वयन भएका थिए।

४. कार्यक्रमको प्रभावकारी कार्यान्वयनले आधारभूत तहमा विद्यार्थीहरुको पहुँच र भर्नादरमा उल्लेख्य वृद्धि भएकोले फलस्वरुप कक्षा ८ मा विद्यार्थी टिकाउ र उत्तीर्ण हुने दर बढेको पाइयो।

५. कक्षा १० र १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य प्राप्त नभएको देखियो।

६. औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरुको शिक्षामा उल्लेख्य संख्यामा सहभागिता बढेको पाइयो।

७. योजना कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद व्यवस्थापन र वृहत् समावेशी गुरु योजना सिकाइका लागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरु गरिए।

८.विभिन्न क्षेत्रहरुमा विज्ञहरुको परिचालन समेत गरी पाठ्यक्रम प्रारुप परिमार्जन शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकास जस्ता कार्यहरु सम्पन्न भए।

- नयाँ शिक्षा क्षेत्र योजनाले समेट्ने पक्षहरू (प्रस्तावित योजनाका मुख्य मुख्य पक्षहरू जस्तै पहुँच, गुणस्तर, व्यवस्थापन, क्षमता विकास आदि)

## २.१ सन्दर्भ र औचित्य

- स्थानीय तहको शैक्षिक अवस्था

१ सामुदायिक विद्यालय १५ र संस्थागत विद्यालय ४ सहित १९ वटा विद्यालय संचालनमा रहेको छ।

२ सामुदायिकतर्फ वालविकास केन्द्र १३ वटा आधारभूत तह (कक्षा १-३) सञ्चालित ३, आधारभूत तह (कक्षा १-५) संचालित ५, आधारभूत तह (कक्षा १-८) संचालित ५ र माध्यमिक तह (कक्षा १-१२) संचालित २ वटा विद्यालयहरु रहेका छन्। संस्थागततर्फ आधारभूत २ र माध्यमिक तह (कक्षा १-१०) संचालित २ विद्यालय रहेका छन्।

३ २०७८ सालको इमिस प्रतिवेदन अनुसार सामुदायिक विद्यालयमा १३७८ र संस्थागत विद्यालयमा ७८५ गरी कूल २१६३ जना विद्यार्थी अध्ययनरत छन्।

४ हाल सहजैदेखिने भर्नादर कक्षा १ मा १०४, कक्षा १-५ मा ११३ र कक्षा १-८ मा १३८ छ भने खुद भर्नादर कक्षा १ मा २४, कक्षा १-५ मा ६२ र कक्षा १-८ मा ४५ प्रतिसत रहेको छ।

५ शिक्षक दरवन्दीतर्फ वालविकास केन्द्रमा १३जना, आधारभूत तह (कक्षा १-५) का ५२, आधारभूत तह (कक्षा १-८) का १६, माध्यमिक तह (कक्षा ९-१०) मा १० र माध्यमिक तह (कक्षा ११-१२) मा ४ जनासहित ८२ जना रहेका छन्।

६ सामुदायिक विद्यालयमा तहगत विद्यार्थीतर्फ वाविकेमा १६२ जना, आधारभूत तह (कक्षा १-५) मा ५३८, (कक्षा ६-८) मा २६३, माध्यमिक तह (कक्षा ९-१०) मा २१६ र कक्षा (११-१२) मा १९९ जना अध्ययनरत छन्।

७ हालको विद्यार्थी शिक्षक अनुपात वाविकेमा १६ जना, आधारभूत तह (कक्षा १-५) मा १०, (कक्षा ६-८) मा १७, माध्यमिक तह (कक्षा ९-१०) मा २२ र कक्षा (११-१२) मा ५० रहेको छ।

८ विद्यालयको भौतिक पूर्वाधारतर्फ रसुवा मावि धुञ्चेमा ४ कोठे भवन आवश्यक रहेको छ भने अन्य विद्यालयमा हाल निर्माणाधीनसमेत सम्पन्न हुँदा कक्षाकोठा पर्याप्त हुने देखिन्छ। खानेपानी शौचालय खेलमैदान र घेरावार भने धेरै विद्यालयहरुमा मर्मत गर्नुपर्ने देखिएका छन्।

९ शैक्षिक उपलब्धीतर्फ विद्यमान आंकडा अनुसार कक्षा १ मा औसत ६० कक्षा ५ मा ६५ कक्षा ८ मा ४४ र कक्षा १० मा ३८ रहेको छ।

१० सबै शिक्षकहरुको तहगत निर्धारित शैक्षिक योग्यता रहेको र विद्यमान नव प्रविधिको तालिम भने ५० प्रतिसत शिक्षकहरुलाई मात्र प्राप्त रहेको देखिन्छ।

११ आधारभुत तह कक्षा१८ सम्म सञ्चालनमा रहेका विद्यालयहरुमा विद्युत तथा इन्टरनेट सुविधा रहेको छ। यसै गरी वाविकेमा स्मार्ट टिभी र कार्पेटिङ कक्षाकोठा व्यवस्थापन छ र खेल तथा सन्दर्भ सामग्रीको सामान्य व्यवस्था रहेको छ।

१२ कक्षागत रुपमा न्युनतम विद्यार्थी रहेका प्रत्येक विद्यालयमा शिक्षकहरुकव उचित व्यवस्थापन रहेको छ।

१३ निमावि शिक्षक दरवन्दीको न्युनताले भीमसेन आवि  भार्खु र सरस्वती आवि ठाडेमा प्राथमिक तहका शिक्षक व्यवस्थापन गरी संख्यात्मक रुपमा पर्याप्त शिक्षक व्यवस्थापन गरिएको छ।

१४ शिक्षक व्यवस्थापनमा लैङ्गिक समता तथा समावेशी सहभागितामा रहेको समग्रमा महिला शिक्षकको संख्या एक तिहाइभन्दा अधिक रहेको छ र विद्यार्थीहरुको सहभागिततामा वालविकास बाहेक सबै तहमा छात्रा संख्या नै बढी रहेको छ।

१५ यस क्षेत्रमा रहेका दुवै माध्यमिक विद्यालयमा हिमाली छात्रवास रहेको र जहाँ गाउँपालिकाको भौगोलिक विकटता अनुरुप विपन्न परिवारका छात्रछात्राहरुले खाना खानासहित आवासिय सुविधा प्राप्त गरेका छन्।

१६ श्री कोमिन श्यामेवाङफेल मावि स्याफ्रुवेशीमा बहिरोपन भएका अपाङ्ग बालबालिकाहरुका लागि स्रोत कक्षा सञ्चालनमा रहेको र १० जनाको कोटा अनुसार लक्षित विद्यार्थीलाई खाना खाजासहित आवासिय सुविधामा सिकाइ व्यवस्थापन भैरहेको छ। यहाँ एसईई उत्तीर्ण भएका विद्यार्थीहरुका लागि १८ महिने विद्युतीय सव ओभरसियर तालिमको व्यवस्था रहेको छ।

- शिक्षा योजनाको औचित्यः

नेपालको संविधानले  संघीय लोकतान्त्रिक शासन पध्दतिलाई अंगिकार गरेको छ। सो अनुरुप राज्य पुनर्संरचना भई संघ प्रदेश र स्थानीयसहित तीन तहका सरकार सञ्चालनमा रहेका छन्। संविधानको अनुसूचीमा भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तहको शिक्षा व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय तहमा रहेको छ। जस अनुसार शिक्षामा पहुँच विस्तारका साथै गुणस्तर वृध्दिका लागि सुनिश्चित कार्य ढाँचा र योजना वान्छनीय भएको हुँदा गाउँपालिका क्षेत्रको मौजुदा शैक्षिक अवस्थाको पहिचान र विश्लेषण गरी सुधारको दिसानिर्देशसाथ परिणाममूखि कार्यान्वयनमा लागि आबधिक लक्ष्य उद्येश्यसहितको विशिष्ट कार्यक्रम आवश्यक देखिएकोले प्रस्तुत पञ्चवर्षिय शिक्षा योजना तयार गरिएको हो। यसले आगामी ५ वर्षभित्र शिक्षा क्षेत्रमा गरिने कार्यक्रम तथा प्राप्त हुने नतिजा समेतलाई दिसाबोध गरेको छ। पहिलो वर्षदेखि नै यसमा उल्लेखित कार्यक्रम अनुरुप स्रोत तथा जनशक्ति व्यवस्थापन गरी परिचालन गरिएमा निश्चय नै लक्षित उद्येश्य पूरा हुनेछ।

- यो योजना गाउँपालिका शिक्षा क्षेत्रको पहिलो आबधिक योजना हो र यो ५ वर्षको हुनेछ तथा २०७८ सालदेखि २०८३ असारसम्म निर्धारित वार्षिक लक्ष्य र कार्यक्रम अनुरुप कार्यान्वयन हुनेछ।

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

- नेपालले विद्यमान विश्वको शैक्षिक विकास र प्रविधिलाई महत्व दिँदै समय सापेक्ष जनशक्ति उत्पादनको प्रमुख आधारका रुपमा विद्यालय शिक्षालाई जोड दिएको छ। विश्व बजारको अध्ययन र नेपालको विद्यमान शैक्षिक

स्थिति तथा यसको विकासका लागि शिक्षालाई प्राविधिकीकरण व्यवसायमूलक जीवनपर्यन्त सिकाइमा रुपान्तर गर्न आवश्यक कानुन, नीति तथा योजना तर्जुमा गरी विद्यालय शिक्षालाई पहुँचयुक्त, गुणस्तरमय र सिकारु केन्द्रित तुल्याउने दीर्घकालिन सोच रहेको छ।

## २.३ गाउँपालिका शिक्षा योजनाको दीर्घकालीन सोच तथा गन्तव्य

**दूरदृष्टिः**

- दक्ष जनशक्तिको लागि गुणस्तरिय शिक्षा

## २.४ लक्ष्यः

- दक्ष मानव संशाधन तयार गरी गाउँपालिकालाई समृद्ध तुल्याउने आधार तय गर्ने

## २.५ उद्‌देश्यः

- गुणस्तरिय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामुलक पहुँच पुऱ्याउनु।
- प्राविधिक, व्यावसायिक, सीपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्नु।

## २.६ रणनीतिहरू

- उल्लिखित उद्देश्यहरू हासिल गर्न अपनाइने उपायहरू रणनीतिको रुपमा राखिएका छन्। (उदाहरणका लागि समतामूलक र समावेशी शिक्षाका लागि तथ्याङ्क संकलन, प्रोत्साहनमूलक कार्यक्रमहरू, क्षमता विकास कार्यक्रमहरू, संरचनागत व्यवस्था, समन्वय तथा सहकार्य, समुदाय परिचालन, बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप, सामग्री र भौतिक संरचना, विपद् व्यवस्थापन आदि)
- हरेक उद्देश्य प्राप्तिको लागि को अलग अलग रणनीति तयार गरिएको छ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू

- उद्देश्य/नतिजालाई मापन गर्न सक्ने गरी विषयगत क्षेत्रहरूको सूचक तयार गर्ने
- नयाँ शिक्षा क्षेत्र योजना (२०७७-२०८७) को तालिका नं. २ अनुसार मुख्य कार्य सम्पादन सूचक निर्माण गर्ने

# परिच्छेद ३: शिक्षाका उप-क्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको सन्दर्भमा शैक्षिक गुणस्तर सुधारका लागि ४ वर्षको उमेरदेखि नै बालबालिकाहरुलाई औपचारिक शिक्षाको अवसर उपलब्ध गर्न शिक्षा क्षेत्रमा भएका अनुसन्धान प्रतिवेदनहरुले सिफारिस गरेका थिए । यसैबीच उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले बालबालिकाहरुलाई प्राथमिक तहको कक्षा १ मा भर्नापूर्व उनीहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रुपमा तयार गर्न कम्तिमा १ वर्षको पूर्व प्राथमिक कक्षाको अनुभव दिनु वान्छनीय रहेको सिफारिस भएको हुँदा २०५६ सालदेखि प्रारम्भिक बालविकास कक्षाको अवधारणा आएको पाइन्छ । आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम **(BPEP)** दोस्रो चरणले यसलाई समुदाय र विद्यालयमा सञ्चालन हुने गरी कार्यक्रम प्रारम्भ गरेको हो । २०६२ सालमा प्रारम्भिक बाल विकास पाठ्यक्रम दिग्दर्शन तयार भएपछि व्यवस्थित रुपमा प्रारम्भिक वाल विकास केन्द्रका कक्षा सञ्चालनमा आएका हुन् ।

नेपालको विद्यालय शिक्षाको संरचना तथा बालबालिकाको उमेरगत शिक्षा विकासको सहभागिता क्रम अनुसार ४ बर्ष उमेर समुहका बालबालिकाहरुलाई एक वर्षे र ३ वर्ष पूरा गरेका वालवालिकालाई दुई वर्षे वाल शिक्षा प्रदान गर्ने उद्देश्यले प्रारम्भिक बाल बिकास कार्यक्रमको ब्यवस्था गरिएको छ । यस उमेर समुहका बालबालिकाहरुको शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको विकास गर्नु प्रमुख उद्येश्य हो । जस अनुरुप वालवालिकाहरुको व्यवहारमा परिवर्तन ल्याई कक्षा १ मा अध्ययन गर्न तयारी बनाउने यो कार्यक्रमको मुख्य लक्ष्य रहेको छ ।

यस कार्यक्रम संचालनका निम्ति शैक्षणिक कार्यमा सहयोग पुऱ्याउन प्रति केन्द्र /कक्षा १ जना सहजकर्ता व्यवस्था गरिएको छ । नेपाल सरकारले प्रारम्भिक बाल बिकास कार्यक्रमलाई विद्यालय शिक्षाको संरचना भित्र समावेश गरेको छ । हरेक विद्यालयमा वाल कक्षा व्यवस्थापन समिति गठन गर्न सकिने नीतिमा उल्लेख गरिएको भए पनि व्यवहारमा प्रयोग भएको देखिदैन ।

प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्गीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बांच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धान अनुसार जीवनको सुरुवाती २ वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा विकास भएर ८०% क्षमता विकास भै सक्ने हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदन अनुसार तीन

वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ ।

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवाहरू सम्बन्धित विषयगत मन्त्रालयहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयहरूबाट विभिन्न कार्यक्रमहरू मार्फत प्रदान गरिदै आएका छन् । बालबालिकाको लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तरमन्त्रालय समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास उमेरका सबै बालवालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन सकेको छैन ।

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.स. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो । यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धि हकको व्यवस्था रहेको छ। धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ त्यसैगरि उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ।

संविधानको अनुसूची ८ को बुदा नं ८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको हुने भनि उल्लेख भएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ खण्ड **(ज)** मा आधारभूत र माध्यमिक शिक्षा बुदा नं १ मा प्रारम्भिक बालबिकास तथा शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याकंन र नियमनको अधिकार स्थानीय तहको हुने उल्लेख गरिएको छ।

दिगो विकास लक्ष्यका लक्ष्य-४ को ४.२ मा **सन् २०३० सम्म सबै बालिका एवं बालकहरुको स्तरिय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने , जसले गर्दा उनीहरु प्राथमिक शिक्षाका लागि तयार हुन सकुन भन्ने सुनिश्चितता गर्ने** व्यवस्था भएको पाईन्छ ।

मस्यौदा शिक्षा क्षेत्र योजना (२०७८-२०८७) को उद्येश्यमा सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने भन्ने कुरा समाबेश गरिएको छ । यी नै नीतिगत व्यवस्थाहरुको कार्यन्वयनका निम्ति उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर

विस्तार गर्ने । तीनै तहका सरकार र अभिभावकको साझेदारीमा वालवालिकाहरूको सर्वांगीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने भन्ने राष्ट्रिय शिक्षा नीति २०७६ मा ब्यवस्था गरिएको छ।

## ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा संघीय सरकारबाट अनुदान प्राप्त ११ वटा बाल विकास केन्द्र रहेका छन् । जसमध्ये यहाँका सबै बालबिकास केन्द्र विद्यालयमा आधारित छन् । अन्य ५ वटा विद्यालयमा वाल विकास केन्द्र नभएको र संघीय सरकारबाट थप कोटाहरु उपलब्ध नहुने बुझाई भएपछि गत आर्थिक वर्षदेखि २ वटा विद्यालयमा गाउँपालिकाबाटै अनुदानको व्यवस्था गरी बाल विकास केन्द्रको स्थापना र व्यवस्थापन गरिएको छ ।

प्रारम्भिक बाल बिकास केन्द्रमा अध्ययन गर्ने उमेर समुहको जनसंख्या र भर्नाको स्थिति

| जनसंख्या | विद्यालय जाने उमेर समुह जनसंख्या | | | ३-४ वर्ष उमेर समूहको भर्ना विवरण | | | उमेर समुहको भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पुरुष |
| ३-४ वर्ष | २६५ | १२८ | १३७ | १६१ | ७५ | ८६ | ६०.७५ | ५८.५९ | ६२.७७ |

- प्रारम्भिक बालबिकास केन्द्रमा अध्ययन गर्ने उमेर समूहको जनसंख्या २६५ मध्ये १६२ जनाले मात्र गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा भर्ना भई अध्ययन गरेको पाइन्छ । यो उक्त उमेर समूहको जनसंख्याको ६१.१३ प्रतिशत मात्र हो । यस योजना अवधि भित्र ९० प्रतिशत बालबालिकालाई प्रारम्भिक बालकक्षामा भर्ना गराई आधारभुत तहको कक्षा १ मा अध्ययन गर्ने वातावरण तयार गरिनेछ ।
- यस गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षामा लैंगिक समता सूचक ०.८७ रहेको हुँदा बालविकास कक्षामा छात्राको सहभागीता केही कम रहेको देखिन्छ । यसलाई समान तुल्याउन छात्रा भर्ना वृध्दि गर्नु पर्नेछ । प्रारम्भिक बालविकास केन्द्रका १३ वटै कक्षामा महिला सहजकर्ता हुनु नीतिगत रुपमा राम्रो मानिन्छ । गाउँपालिका भित्र सञ्चालित १३ वटा बालबिकास केन्द्रहरुमा १३ जना नै महिला सहजकर्ता कार्यरत रहेका छन् । यसलाई निरन्तरता दिनु पर्दछ । गाउँपालिका क्षेत्रका ३ वटा सामुदायिक विद्यालयमा पनि प्रारम्भिक वालविकास केन्द्रको स्थापना र सञ्चालन गरी पहँच र अवसर प्रदान गरिने छ ।
- २ जना बाहेक हाल कार्यरत सबै सहजकर्ताहरु १२ कक्षा उत्तीर्ण रहेका र निजहरुलाई उपयुक्त तालिम प्रदान गरी गुणस्तर वृद्धिमा ध्यान दिइनेछ ।

**प्रारम्भिक बालबिकास सहजकर्ताको शैक्षिक योग्यता**




- प्रारम्भिक बाल विकास कक्षाका १३ जना सहजकर्ता मध्ये १० जना १२ कक्षा उत्तीर्ण गरेको र २ जना एसईई उत्तीर्ण छन् । साथै १० जनाले प्रारम्भिक बाल विकास तालिम प्राप्त गरेका छन् । योजना अबधिमा शतप्रतिशत सहजकर्तालाई सिकाइमा दक्ष बनाउन पुनर्ताजगी तालिम कार्यक्रमको प्रबन्ध गरिनेछ।
- अभिभावक शिक्षा र समुदाय परिचालनमा विद्यालयहरुले पर्याप्त ध्यान दिन नसकेको अवस्था रहेकोले आगामी दिनमा गाउँपालिकाबाट अभिभावक शिक्षा र समुदाय परिचालनका कार्यक्रमहरु सञ्चालन गरी उमेर समूह भित्र पर्ने सबै बालबालिका बालविकास केन्द्रमा भर्ना भई सिक्न पाउने वातावरणको सुनिश्चितता गरिनेछ।
- प्रारम्भिक बालविकास र शिक्षा संचालन हुने विद्यालय, लाभान्वित हुने बालबालिकाहरूको वडागत विश्लेषण

  यस गाउँपालिकामा १५ वटा सामुदायिक र ४ वटा संस्थागत गरी जम्मा १९ वटा विद्यालयहरु सञ्चालित छन् । यस अन्तर्गत प्रारम्भिक वालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेका विद्यालय संख्या १६ वटा मात्र रहेका छन्। यी विद्यालयमा शैक्षिक सत्र २०७८ मा भर्ना भएका बालबालिका निम्नानुसार छन्।

| क्र सं | विद्यालयको नाम | वडा नं | भर्नाभएका बालबालिका सं | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | | |
| १ | सरस्वती आवि ठाडे | ६ | 6 | 8 | 14 | |
| २ | गाउँफर्क रा प्रावि | ६ | 4 | 3 | 7 | |
| ३ | भिमली प्रावि भिमली | ६ | 3 | 2 | 5 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | रसुवा मावि | ६ | 11 | 19 | 30 | |
| ५ | ज्ञानज्योति प्रावि | ६ | 1 | 5 | 6 | |
| ६ | नमुना इभरग्रिन मावि | ६ | 11 | 20 | 31 | |
| ७ | हाइल्याण्ड आमावि | ६ | 47 | 40 | 87 | |
| ८ | समता स्कूल धुञ्चे | ६ | 20 | 25 | 45 | |
| ९ | भिमसेन आवि | ५ | 4 | 5 | 9 | |
| १० | नेपाल रा आवि स्याफ्रु | ५ | 0 | 0 | 0 | |
| ११ | कोमिन श्या मावि | ५ | 13 | 16 | 29 | |
| १२ | गोसाईकुण्ड इ स्कूल | ५ | 36 | 39 | 75 | |
| १३ | नेपाल रा प्रावि मेन्दो | १ | 0 | 0 | 0 | |
| १४ | नेपाल रा आवि थुमन | १ | 19 | 19 | 38 | |
| १५ | अरुणोदय प्रावि | १ | 0 | 0 | 0 | |
| १६ | लिङलिङ प्रावि | ३ | 0 | 0 | 0 | |
| १७ | नेपाल रा आवि टिमुरे | २ | 9 | 6 | 15 | |
| | जम्मा | | 189 | 211 | 400 | |

**लगानी र स्रोत व्यवस्थापन**

यस गाउँपालिकामा सञ्चालित प्रारम्भिक बालविकास कोटा ११ वटामा मात्र संघीय अनुदान प्राप्त छ । संस्थागत विद्यालय ४ वटा विद्यालयको आफ्नै स्रोतबाटै आर्थिक कार्य हुने गर्दछ । गाउँपालिका क्षेत्रमा सञ्चालित ३ वटा विद्यालयमा बालविकास केन्द्रको कोटा नभएको हुँदा सो तहमा बालबालिका देखिएको छैन । श्री अरुणोदय प्रावि र लिङलिङ प्राविमा गाउँपालिकाको स्रोत लगानीबाट कार्यक्रम सञ्चालन गरिएको छ । कोटा नभएका विद्यालयहरुमा पनि संघीय सरकारबाट कोटा वितरण गर्ने कार्य नभएको हुँदा आवश्यतकता अनुरुप गाउँपालिकाबाटै स्रोत व्यवस्थापन गर्नु पर्ने देखिएको छ । निजहरुलाई गाउँपालिकाको स्वीकृत रकमबाट मासिक रु १५०००। का दरले चाडपर्व खर्च तथा पोषाक भत्तासहित विद्यालय खातामा माग फारम माग गरी अनुदान निकासा दिने गरिएको छ । संघीय सरकारबाट प्राप्त कोटामा कार्यरत सहजकर्ताहरुका लागि कार्यविधि अनुसार मासिक रु ८०००। का दरले चाडपर्वसहित १३ महिनाको पारिश्रमिक तथा रु १५०००। पोषाक भत्ता अनुदान निकासा हुने गरेको छ । यसै गरी चालु वर्ष २०७८।७९ को बजेट बक्तव्य तथा संघीय व्यवस्था तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन बमोजिम गाउँपालिकाको स्वीकृत स्रोतबाट व्यवस्थापनबाट मासिक रु ७०००। का दरले १२ महिनाको थप पारिश्रमिक अनुदान निकासा हुने गरेको छ । सरकारी कोटाका बालविकास केन्द्रमा बुक कर्नर व्यवस्थापन गर्न कार्यविधि अनुसार IEMIS रिपोर्टका आधारमा प्रति विद्यार्थी रु ५००। का दरले वार्षिक अनुदान प्रदान गरिएको छ । गाउँपालिकाबाट शिक्षा क्षेत्रमा स्वीकृत कार्यक्रमबाट

गोलो टेबुल तथा सन्दर्भ सामग्रीहरुको व्यवस्था भएको छ। प्रस्तुत योजनामा हाल कोटा नभएका ३ वटा विद्यालयमा कोटा वितरण तथा सबै केन्द्रमा प्रभावकारी सिकाइ सहजिकरण गर्न सहजकर्ता तालिम तथा आवश्यक सन्दर्भ सामग्रीहरुको व्यवस्था गर्नु बान्छनीय देखिन्छ।

**समस्या र चुनौतीहरू**

गाउँपालिकामा बालबिकास कार्यक्रम संचालनका लागि देखिएका समस्या तथा चुनौतिहरु

- उपयुक्त भवनमा सुविधायुक्त कक्षाकोठाको व्यवस्थापन
- वालमैत्री सिकाइ सामग्री तथा उपयुक्त कक्षाकोठा व्यवस्थापन
- पर्याप्त शैक्षिक सामग्रीहरुको प्रबन्ध
- तालिम अप्राप्त सहयोगी कार्यकर्ता
- सहजकर्ताको पारिश्रमिक न्यून हुनु
- प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु,
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको स्थायित्व नहुनु
- बालविकास केन्द्र व्यवस्थापन कोषको अभाव हुनु,
- असमान उमेर समूहका बालबालिका हुनु,
- अनुगमन र मूल्याङ्कन प्रभावकारी बन्न नसक्नु,
- विद्यालयहरुले छापामय कक्षा कक्षाकोठा बनाउन पर्याप्त ध्यान नदिनु
- गाउँपालिका क्षेत्रका सबै विद्यालयमा सहजकर्ताको कोटा व्यवस्था नहुनु।

## ३.१.३ दूरदृष्टि

बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकासको लागि आधार तयार गर्ने।

## ३.१.४ लक्ष्य

लक्षित उमेरका सबै बालबालिकाहरुको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गर्ने।

## ३.१.५ उद्देश्य

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

## ३.१.६ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्ने।
- सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ४ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्न बालबिकास केन्द्रको व्यवस्था, तालिम प्राप्त सहयोगी कार्यकर्ताको व्यवस्था, पोषणयुक्त खाजाको निरन्तरता, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन तथा अनुकूलन, शैक्षिक सामग्रीको व्यवस्थापन, छापामय कक्षा कोठा र आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ।
- संगठनात्मक संरचनाको रुपमा बालबालिकाको हेरचाह गर्न आयाको व्यवस्था गर्ने।
- विद्यालय र समुदाय बिच सम्बन्ध निकटतम बनाउन समुदाय सचेतना कार्यक्रम संचालन गर्ने, यस अन्तर्गत अभिभावक शिक्षा, दौतरी शिक्षा, टोल पढाई समुह गठन, अभिभावक निर्मित स्थानीय शैक्षिक सामग्रीको निर्माण र अभिभावक प्रोत्साहन कार्यक्रम संचालन गर्ने।
- विशेष आवश्यकता भएका बालबालिकाहरुको पहिचान गरि सहयोग सामग्रीहरु वितरण गर्ने।
- प्रारम्भिक बालबिकास केन्द्रको अनुभव लिएर आएकाहरुलाई मात्र कक्षा १ मा भर्ना गर्ने।
- आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने
- पाठ्यक्रमको प्रबोधिकरण तथा कक्षाकोठाको सिकाइमा प्रयोग गर्ने
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्थासँग समन्वय गर्ने

## ३.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

**प्रमुख नतिजाः**

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षाको उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने।
- प्रारम्भिक बालविकास कक्षामा लक्षित उमेर समूहका शतप्रतिशत बालबालिका भर्ना भएका हुने।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री बसाई व्यवस्था, न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक, बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी र विभिन्न सिकाइ क्षेत्र जस्तैः भाषा क्षेत्र, गणित क्षेत्र, अभिनय क्षेत्र, सिर्जनात्मक क्षेत्र, स्वालम्बन सिकाइ क्षेत्र, र विज्ञान क्षेत्र सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम प्रबोधिकरण तथा कक्षाकोठामा प्रयोग भएको हुने
- अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित भौतिक पूर्वाधार सहायक तथा सिकाइ सामग्री व्यवस्थापन र प्रयोग भएको हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने

तालिका नं ६ प्रारम्भिक बालविकास शिक्षाको प्रमुख क्रियाकलाप र भौतिक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | पटक | | १ | | १ | | २ | स्थानीय |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन | पटक | | १ | | | | १ | स्थानीय |
| ३ | मापदण्डले तोके अनुसार पूर्वाधार, सिकाई क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | संघ, स्थानीय |
| ४ | केन्द्र नभएका विद्यालयमा थप केन्द्र | वटा | | १ | १ | १ | ० | ३ | |
| ५ | समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | वडा | | ६ | ६ | ६ | ६ | ६ | स्थानीय |
| ६ | प्रारम्भिक बालबिकासमा अध्ययन गर्ने बालबालिकाको अभिलेखीकरण | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | केन्द्रका सबै बालबालिका | १६२ | १७८ | १९६ | २१६ | २३८ | | संघ |
| ८ | सहजकर्ताको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | सहजकर्ताको प्रतिशत | | २० | ३० | २० | ३० | १०० | स्थानीय |
| ९ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन र कुपोषण भएका | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | बालबालिकाको लागि आवश्यक पोषणको प्रबन्ध | | | | | | | | |
| १० | अपाङ्गता भएका तथा अन्य बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | थप सिकाइ आवश्यकता पर्ने बालबालिका पहिचान भएका केन्द्रहरुमा | १ | १ | १ | १ | १ | १ | स्थानीय |
| ११ | व्यवस्थापन समितिका पदाधिकारी, वर्तमान तथा भावि अभिभावक, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरुलाई अभिभावक शिक्षा कार्यक्रम | वडा गत रुपमा | | ६ | ६ | ६ | ६ | ६ | स्थानीय |
| १२ | प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकामा अपाङ्गता भए नभएको पहिचान गरी सहयोग उपलब्ध गराउने र आवश्यकता अनुसार थप सेवा सुविधाको सुनिश्चितता | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |
| १३ | न्यूनतम् मापदण्ड अनुसार बालबालिकाको लागि सुरक्षित तथा अपाङ्गमैत्री शौचालय नयाँ निर्माण तथा मर्मत | केन्द्र | ० | ५ | ४ | ० | ० | ९ | स्थानीय |
| १४ | महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सीपहरु बालबालिकाहरुलाई | केन्द्र | ० | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | सिकाउने | | | | | | | | |
| १५ | प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको अनुगमन, सुपरिवेक्षण, सहयोग तथा सहजीकरण | गाउँपालिका | १ | १ | १ | १ | १ | १ | संघ, स्थानीय |
| १६ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |
| १७ | अभिभावक भेटघाट तथा अन्तरक्रिया कार्यक्रम | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | स्थानीय |
| १८ | सहजकर्ताको पारिश्रमिक | केन्द्र | १३ | १३ | १४ | १५ | १५ | १५ | संघ,स्थानीय |
| १९ | २० भन्दा वढी बालबालिका भएका केन्द्रमा आयाको व्यवस्था | वाविके | ० | २ | ५ | ० | ० | ७ | स्थानीय |
| २० | विषय क्षेत्र कुना व्यवस्थापन अनुदान | वाविके | १३ | १३ | १४ | १५ | १५ | १५ | संघ,स्थानीय |
| २१ | विद्यालय पोषाक वितरण | वालबालिका | ० | १७८ | १९६ | २१६ | २३८ | | स्थानीय |
| २२ | नियमित स्वास्थ्य जाँच र जुकाको औषधि तथा भिटामिन ए वितरण | केन्द्रका बालबालिका | १३ | १३ | १४ | १५ | १५ | | संघ,स्थानीय |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाको आवश्यकता शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गिण विकासको आधार नै शिक्षा हो । शिक्षा कुनै पनि देशको राष्ट्रिय पुँजि हो जसले भविष्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ । शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो । आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ ।

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधानको धारा ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ । नेपालको संविधानको अनुसुची ८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन २०२८ शंशोधन सहित शिक्षा नियमावलि शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली संशोधन सहित २०५७ को व्यवस्था गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक अवसरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ । चालु १५औं पञ्चवर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवर्द्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

गाँउपालिकामा शिक्षामा मुलतः प्रारम्भिक बालबिकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालबिकासका सहजकर्ता शिक्षकको योग्यता र सुविधा कम हुनु, आधारभुत विद्यालय उमेर समूहका सबै बालबाललिकाहरु अझै विद्यालय भर्ना हुन नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थीको विद्यालयमा नियमितता नहुनु विचैमा कक्षा छाडनु, शिक्षा र रोजगारी बीच तालमेल नहुँनु, शैक्षिक सुशासन कायम हुन नसक्नु जस्ता कारणले आधारभुत शिक्षाको पहुँचर र गुणस्तरमा समेत प्रभाव पारि रहेको सन्दर्भमा १२ वटा सामुदायिक तथा १ संस्थागत विद्यालयमा समान गुणस्तर

कायम गर्नु , विद्यालय शिक्षामा गरिएको लगानीको प्रभावकारीता मितव्ययिता औचित्यता विकास गर्नु, शिक्षक तथा कर्मचारीमा पेशागत  तथा व्यवसायिक विकास गर्न,  अनुगमन तथा मुल्याङ्कनको प्रभावकारी प्रणालीको विकास गर्नु आधारभुत शिक्षाका मुल चुनौतिहरु रहेका छन ।

- संबैधानिक तथा नीतिगत व्यवस्था
- चुनौती तथा अवसरहरू

## ३.२.२ वर्तमान अवस्था

**आधारभूत तहको विद्यार्थी संख्या**

| कक्षा | जम्मा | | | जनजाती | | | दलित | | | ब्राहम्ण/क्षेत्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| १ | २१५ | १०८ | १०७ | १९८ | १०८ | १०१ | ६ | ० | ६ | ० | ० | ० |
| २ | २०३ | ९५ | १०८ | २०० | ९५ | १०५ | २ | ० | २ | १ | ० | १ |
| ३ | २०३ | १२४ | ७९ | १९९ | १२२ | ७७ | ३ | १ | २ | १ | १ | ० |
| **१-३** | ६२१ | ३२७ | २९४ | ५९७ | ३२५ | २८३ | ११ | १ | १० | २ | १ | १ |
| ४ | १४२ | ७२ | ७० | १३८ | ६९ | ६९ | ४ | ३ | १ | ० | ० | ० |
| ५ | १३४ | ६३ | ७१ | १३९ | ६३ | ६६ | ४ | ० | ४ | १ | ० | १ |
| **१-५** | **८९७** | **४६२** | **४३५** | **८५३** | **४४८** | **४०५** | **१९** | **४** | **१५** | **३** | **१** | **२** |
| ६ | १०० | ४३ | ५७ | ७९ | ४२ | ३७ | ४ | १ | ३ | ० | ० | ० |
| ७ | १२७ | ६१ | ६६ | ८७ | ४२ | ४५ | १ | १ | ० | ० | ० | ० |
| ८ | १४६ | ७६ | ७० | ९१ | ४१ | ५० | ७ | १ | ६ | ३ | ० | ३ |
| **६-८** | ३७३ | १८० | १९३ | २५७ | १२५ | १३२ | १२ | ३ | ९ | ३ | ० | ३ |
| **१-८** | **१२७०** | **६४२** | **६२८** | **१११०** | **५७३** | **५३७** | **३१** | **७** | **२४** | **६** | **१** | **५** |

- School IEMIS 2078 अनुसार यस गाउँपालिकामा कक्षा १-१२ मा  १४१८ जना विद्यार्थी अध्ययनरत छन् । आधारभुत तह कक्षा १-८ मा १२७० जना विद्यार्थी अध्ययनरत छन् जसमध्ये  ६४२ जना छात्रा र ६२८ जना छात्र रहेका छन् ।

**आधारभुत तहको कूल तथा खुद भर्ना दर**

| सूचकाङ्क | सामुदायिक | | |
|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र |
| कक्षा १ मा कूल नयाँ भर्ना दर (GIR) | १०४।६ | ९८।६ | ११०।१२ |
| कक्षा १ मा खूद नयाँ भर्ना दर (NIR) | २३।६८ | २८।७६ | १८।९८ |
| आधारभूत तहमा कूल भर्ना दर (GER) | | | |
| कक्षा १-५ | ११५.४ | ११०.१७ | ११६.६ |
| कक्षा १-८ | १२१.१ | १२४।३२ | ११८.५९ |
| आधारभूत तहमा खूद भर्ना दर (NER) | | | |
| कक्षा १-५ | ६१.८७ | ५८।१७ | ६५।३९ |
| कक्षा १-८ | ४५.०७ | ४२.०२ | ४७।९७ |

- कक्षा १ को खुद प्रवेश दर २३.६८ प्रतिशत मात्र रहेको हुँदा यो दरलाई योजना अवधिभरमा शत प्रतिशत पुऱ्याइनेछ। यसको लागि प्रारम्भिक बालबिकासको भर्नामा विशेष ध्यान दिइनेछ।
- गाँउपालिकामा आधारभुत तह कक्षा (१-८) को खुद भर्ना दर ४५.०७ जस मध्ये छात्रको ४७.९७ र छात्राको ४२ प्रतिशत रहेको छ । कक्षा (१- ५) को खुद भर्ना दर ६१.८७ प्रतिशत रहेकोमा छात्राको ५८ र छात्रको खुद भर्नादर ६५ रहेको छ। योजना अवधि भित्रमा आधारभुत तहको खुद भर्ना दर ९० प्रतिशत पुऱ्याइनेछ।
- प्राथमिक तहको कक्षा ५ को टिकाउ दर 73.65 प्रतिशत देखिए पनि आधारभुत तहको टिकाउदर ७० प्रतिशत मात्र देखिएकोले त्यसलाई सुधार गर्नु ,कक्षा छाड्ने दर प्राथमिक तहको 20.84 प्रतिशत र आधारभुत तहको 19.12 प्रतिशत देखिन्छ त्यसलाई क्रमशः घटाउनु पर्ने, आधारभूत तहको DRP क्रमश 19.12, 3.94 र 72.47 प्रतिशत देखिन्छ।

**गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा विद्यार्थीको उमेरगत भर्नाको स्थिति**

| जनसंख्या | विद्यालय जाने उमेर समुह जनसंख्या | | | विद्यालय भर्ना भएका उमेर समूह विवरण | | | उमेर समुहको भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पुरुष |
| ५-७ वर्ष | ४७७ | २३८ | २३९ | ४२४ | २२२ | २०२ | ८८.९ | ९३.३ | ८४.५ |
| ५-९ वर्ष | ८०२ | ३७२ | ४३० | ६९१ | ३६५ | ३२६ | ८६.२ | ९८.१ | ७५.८ |
| ८-१२ वर्ष | ७४४ | ३३७ | ४०७ | ५२७ | २६५ | २६२ | ७८.६ | ६४.४ | ७०.८ |
| १३-१६ वर्ष | ६८५ | ३४७ | ३३८ | २४२ | १२० | १२२ | ३५.३ | ३४.६ | ३६.१ |
| १७-१८ वर्ष | ३२८ | १५९ | १६९ | ५५ | २५ | ३० | १६.८ | १५.७ | १७.८ |

- प्रारम्भिक कक्षा १-३ को उमेर समूहको कुल जनसंख्या मध्ये ८८.९ प्रतिशत मात्र विद्यार्थी भर्ना भएको देखिनुले करिब १२ प्रतिशत विद्यार्थी गाउँपालिका बाहिरका विद्यालयमा अध्ययन गर्न गएको अवस्था छ। यो दरलाई योजना अवधि भरमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी स्थानीय विद्यालयमा भर्ना भै अध्ययन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय सेवा बाहिर रहेको बाललालिका नरहेको देखिन्छ।

**अपाङ्ग विद्यार्थी भर्ना विवरण**

| विवरण | प्रारम्भिक बाल विकास | प्रारम्भिक कक्षा (१-३) | आधारभुत ( १-५) | आधारभुत (६-८) | माध्यमिक ( ९-१०) | माध्यमिक (११-१२) |
|---|---|---|---|---|---|---|
| अपाङ्ताको आधारमा | | | | | | |
| शारीरिक अपाङ्गता | | १ | | | २ | |
| बौद्धिक अपाङ्गता | | | | | १ | |

- **प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयनको अवस्था**

  यस गाउँपालिकामा रहेको १२ वटा सामुदायिक विद्यालयमा प्रारम्भिक कक्षा पढाई कार्यक्रम सञ्चालनमा रहेका छन् । सबै विद्यालयहरुमा बुक कर्नर तथा छापामय कक्षा सञ्चालनको लागि गाउँपालिकाले रकम निकासा दिने गरेको छ । यस कार्यलाई निरन्तरता दिइनेछ ।

**सामुदायिक विद्यालयको आधारभुत तहको  सिकाई उपलब्धी विवरण**

| विषय | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली | जम्मा | ५०.१ | ४८.८ | ४८.५ | ५३.४ | ४५.६ | ५३.७ | ५३ | ५०.८ |
| | छात्रा | ४७.९ | ४७.८ | ४९.३ | ५५.८ | ४४.८ | ५५.३ | ५५ | ५१.४ |
| | छात्र | ५२.२ | ४९.९ | ४७.७ | ५१.१ | ४६.४ | ५२.१ | ५०.९ | ५०.१ |
| अंग्रेजी | जम्मा | ४९.९ | ४७.२ | ४८.५ | ५१.६ | ४६.१ | ५३.४ | ५२.३ | ५३.५ |
| | छात्रा | ४७.६ | ४५.७ | ५०.४ | ५३.१ | ४४.७ | ५४.७ | ५४.६ | ५४.५ |
| | छात्र | ५२.२ | ४८.६ | ४६.७ | ५० | ४७.६ | ५२ | ५०.१ | ५२.६ |
| गणित | जम्मा | ५०.१ | ४८.७ | ५०.६ | ५१.५ | ४५.७ | ५२.२ | ५२ | ५५.७ |
| | छात्रा | ४७.९ | ४६.६ | ५२.६ | ५३.८ | ४४.५ | ५२.३ | ५४.७ | ५७.४ |
| | छात्र | ५३ | ५०.१ | ४८.६ | ५०.३ | ४६.९ | ५२.२ | ४९.२ | ५४.१ |
| विज्ञान | जम्मा | ५०.३ | ४८.६ | ४८.१ | ५३.५ | ४७.८ | ५१.३ | ५३.४ | ५३.३ |
| | छात्रा | ४८.७ | ४७.७ | ४९.८ | ५५.३ | ४६.१ | ५२.९ | ५५.६ | ५३.५ |
| | छात्र | ५१.९ | ४९.८ | ४६.३ | ५१.७ | ४९.५ | ४९.८ | ५२.१ | ५३ |
| सामाजिक | जम्मा | ५१.९ | ४७.३ | ४८.२ | ५५.३ | ४६.९ | ५२.५ | ५५.५ | ५१.५ |
| | छात्रा | ५०.३ | ४६.४ | ५० | ५४ | ४४.८ | ५४.२ | ५७.६ | ५२.५ |
| | छात्र | ५३.५ | ४८.२ | ४६.४ | ५१.२ | ४९ | ५०.९ | ५३.५ | ५०.१ |

- आधारभुत तहको कक्षा २, ३ र ५ मा अनिवार्य विषयहरुको औसत सिकाई उपलब्धी ५० % भन्दा कम रहेको देखिन्छ । त्यसैले यि कक्षाहरुमा औसत सिकाई उपलब्धी कम्तिमा ५० % भन्दा माथि पुऱ्याउनको लागि आधारभुत तह कक्षा १-५ सिकाई उपलब्धी वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । साथै समग्रमा आधारभुत तहको कुनै पनि कक्षाको अनिवार्य विषयहरुको औसत सिकाई उपलब्धी ६०% पुग्न सकेको देखिदैन । तसर्थ सबै विषयको औसत सिकाई उपलब्धी कम्तीमा ६५% पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थी मूल्याङ्कनलाई विश्वसनिय र वैध बनाउनको लागि कक्षा ५ र कक्षा ८ को परीक्षा गाउँपालिका स्तरिय बनाइ स्तरिकृत परिक्षा सञ्चालन गरिनेछ ।

**गाउँपालिका भित्र रहेका आधारभुत तहका शैक्षिक संस्थाको विवरण**

| शैक्षिक संस्थाहरु | प्रारम्भिक बाल विकास | आधारभूत तह (१-५) | आधारभुत तह (१-८) |
|---|---|---|---|
| **जम्मा** | १७ | १९ | १० |
| सामुदायिक | १३ | १५ | ७ |
| संस्थागत | ४ | ४ | ३ |

आधारभुत शिक्षा अन्तरगत गाउँपालिकामा कुल १९ वटा विद्यालयले आधारभुत तहको शिक्षा प्रदान गरिरहेको छन् । जस मध्ये कक्षा १-८ सञ्चालन भएका १० वटा कक्षा १-३ सञ्चालन भएका ३ वटा १-५ सञ्चालन भएका ४ वटा विद्यालय रहेका छन् ।

**सामुदायिक विद्यालयको आधारभुत तहमा कार्यरत शिक्षक विवरण**

| तह | जम्मा | स्थायी | करार | राहत | अनुदान | संस्थागत |
|---|---|---|---|---|---|---|
| प्राथमिक | ५२ | ४२ | ७ | ३ | ० | ० |
| महिला | १८ | १० | ६ | २ | ० | ० |
| निम्न माध्यमिक | २० | ११ | ० | ५ | ० | ४ |
| महिला | ८ | १ | ० | ४ | ० | ३ |

- यस गाउँपालिकामा आधारभुत तह तर्फ सञ्चालित विद्यालयहरुमा कुल ७२ जना शिक्षक कार्यरत रहेका छन् जस मध्ये २६ जना महिला शिक्षक रहेका छन् । विद्यालय संरचनाको हिसाबले यस गाउँपालिकामा आधारभुत तहका ७५ शिक्षक दरबन्दी रहेकोमा जिल्ला तहमा हुने दरबन्दी मिलानबाट यस गाँउपालिकाको लागि ७ जना प्राथमिक तहको कट्टा भई हाल ६८ जनाको दरबन्दी कायम रहेको छ । निमावि तर्फ २० जना मध्ये १६ जना सरकारी दरवन्दी तथा राहतमा कार्यरत र बाकी ४ जना रसुवागढी जलविद्युत आयोजनाबाट संस्थागत सहयोगमा कार्यरत रहेका छन् ।

**सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको शैक्षिक योग्यता**

| तह | एसएलसी | १२ उत्तीर्ण | स्नातक | स्नाकोत्तर |
|---|---|---|---|---|
| **कक्षा १ –५** | ४ | ३० | १५ | ३ |
| **कक्षा ६–८** | | ३ | ९ | ४ |

### ३.२.३ लक्ष्य

- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने

### ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि गर्ने
- अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने
- सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, लैगिंकमैत्री, अपागंमैत्री, समावेशी र सुरक्षित बनाउने
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने
- अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

### ३.२.५ रणनीतिहरू

- विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गर्ने
- विद्यालय नक्शांकन, पुनर्वितरण तथा समायोजन गर्ने
- आधारभूत शिक्षाका स्थानीय कानूनको समयानुकुल संशोधन तथा परिमार्जन गर्ने
- आधारभुत तहको एकीकृत र परिमार्जित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास गरी व्यवस्थापन सुधारमा जोड दिने
- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइ उपलब्धीको मूल्याङ्कन र समिक्षा गर्ने
- शिक्षकले शिक्षण गर्ने विषयको अनिवार्य शिक्षण सुधार योजना बनाउने व्यबस्था गर्ने
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउन गाउँपालिका समक्ष कार्य सम्पादन करार सम्झौता गराउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, लैगिंकमैत्री, अपागंमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- आधारभुत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित गरिने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने
- शिक्षालाई वर्तमान शैक्षिक सुचना प्रविधिसँग आबध्द गरी नविनतम् शिक्षण सिकाइको लागि आवश्यक सामग्री उपलब्ध गराउने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
- कक्षा कोठामा आधारित मूल्यांकनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गरी सिकाइ सुधारमा प्रयोग गर्ने
- अपांगता भएका, दलित तथा अति गरिब विपन्न परिवारका विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री निर्माण र प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने।
- प्रत्येक बिधार्थीको विषयगत सिकाइ उपलब्धी सहितको पोर्टफोलियो तयार गर्ने

- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायतता प्रणालीलाई व्यवस्थित गर्ने

## ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

**नतिजा:**

- सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित भएको हुने
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने
- न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएको हुने
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम प्रभावकारी  रुपमा सञ्चालन भएको हुने
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार भएको हुने
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने

### ३.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य:

- तालिका नं १५ आधारभुत तहको प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा नक्शांकन पुनर्वितरण तथा समायोजन | पटक | १ | | | १ | | २ | |
| २ | आधारभुत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न विधालय प्रवेशको कारयक्रम सञ्चालन गर्ने | विधालय | १५ | १५ | १५ | १५ | १५ | | स्थानीय |
| ३ | विद्यालयमा मापदण्ड अनुसार शिक्षक दरवन्दी मिलान | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | संघ स्थानीय |
| ४ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार निर्माण मर्मत (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजाघर) | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | संघ, स्थानीय |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | कक्षा ५ का सबै | | १ | ० | ० | १ | २ | स्थानीय |
| ६ | विद्यालय स्वास्थ्य र पोषणयुक्त दिवा खाजाको प्रबन्ध | विद्यार्थी | ७०० | ७७० | ८५० | ९३५ | १०३० | | संघ |
| ७ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत | शिक्षक प्रतिशत | १० | २० | २० | ३० | २० | १०० | स्थानीय प्रदेश |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | सिकाइ व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | | | | | | | | |
| ८ | विधालयमा करेसाबारी तथा बगैचा व्यवस्थापन | विद्यालय | २ | ५ | ० | ० | ० | ७ | स्थानीय |
| ९ | निशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक | विद्यार्थी संख्या | ६७० | ७४० | ८१५ | ९०० | १००० | | संघ |
| १० | छात्रा र दलित छात्रवृत्ति | जना | ४२५ | ४६५ | ५१० | ५६० | ६१५ | | संघ |
| ११ | प्रारम्भिक कक्षामा पठन सामग्रीसहित बुक कर्नरको व्यवस्था | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | संघ, स्थानीय |
| १२ | प्रारम्भिक कक्षा पढाइ सम्बन्धि शिक्षक तालिम | जना | ० | ५ | ५ | ५ | ० | | संघ, स्थानीय |
| १३ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका नविनतम प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २ | ३ | ५ | २ | ० | १२ | संघ, स्थानीय |
| १४ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | संघ, स्थानीय |
| १५ | विद्यालयगत उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | ० | १५ | १५ | १५ | १५ | १५ | स्थानीय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १६ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| १७ | कक्षा १-८ सञ्चालन भएको विधालयमा पुस्तकालयको व्यबस्था | विद्यालय | | २ | ३ | | | | संघ |
| १८ | कक्षा १-५ सम्मका विधालयमा कक्षागत बुक कर्नरको व्यबस्था | | १५ | १५ | १५ | १५ | १५ | | संघ |
| १९ | कक्षा १-८ सञ्चालन भएको विधालयमा विज्ञान प्रयोगशाला | विद्यालय | ० | १ | १ | १ | १ | | संघ |
| २० | शिक्षकको पेसागत विकास सहयोग तालिम | प्रतिशत | २० | ३० | ३० | २० | ० | १०० | स्थानीय |
| २१ | छात्राको लागि स्यानिटरी प्याडको व्यवस्था | प्याकेट | ४०० | ४५० | ५०० | ५५० | ६०० | | संघ |
| २२ | खेलक तथा सिकाइ सामग्री वितरण | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | संघ |
| २३ | निर्माणात्मक मूल्याङ्कन तथा पोर्टफोलियो निर्माण | कक्षा १-५ का विद्यार्थी | १५ | १५ | १५ | १५ | १५ | | संघ,स्थानीय |
| २५ | आधारभुत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन | विद्यार्थी | १५० | १६५ | १८२ | २०० | २२० | | संघ,स्थानीय |
| २६ | एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | तथा क्षमता विकास तालिम | | | | | | | | |
| २७ | आधारभुत तहको कक्षा ६-८ मा खुल्ला तथा दुर शिक्षाको लागि वैकल्पिक विद्यालय सञ्चालन | विधालय | १ | १ | १ | १ | १ | | संघ |
| २८ | अतिरिक्त, सहक्रियाकलाप संचालन र पुरस्कार | गापा | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| २९ | शिक्षक सम्मान पुरस्कार | जना | ० | ४ | ४ | ४ | ४ | १६ | |
| ३० | वालक्लव गठन तथा परिचालन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय |
| ३१ | वाल दिवस शिक्षा दिवस तथा अन्य दिवसहरु | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| ३२ | विधार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| ३३ | विसुयो अद्यावधिक कार्य | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | संघ स्थानीय |
| ३४ | शिक्षक तथा विद्यार्थी सिकाइ आदानप्रदान भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३५ | पालिका तथा विज्ञ समूह कक्षा अवलोकन र विद्यालय अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | स्थानीय तह |
| ३६ | गाउँपालिकाबाट संयुक्त अनुगमन | पटक | १ | २ | २ | २ | २ | | स्थानीय तह |
| ३७ | उत्कृष्ट विद्यार्थी पुरस्कार | जना | ४ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |
| ३८ | प्रगति प्रतिवेदन तयारी पेश | विद्यालय | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३९ | प्राथमिक उपचार सामग्री व्यबस्थापन र प्रयोग | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | | स्थानीय तह |
| ४० | आइरन चक्कि अल्बान्डाजोल लगायतका स्वास्थ्य सेवा प्रदान | पटक | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ४१ | शैक्षिक सामग्री निर्माण संकलन र प्रयोग कार्यशाला | पटक | | १ | १ | १ | १ | | स्थानीय तह |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ४२ | विधार्थी क्षेत्र भ्रमण | पटक | | २ | २ | २ | २ | | स्थानीय तह |
| ४३ | विधालय सरसफाइ तथा वातावरण संरक्षण | विधालय | | १५ | १५ | १५ | १५ | | स्थानीय तह |
| ४४ | आमा अभिभावक समुह गठन तथा अन्तरकृया | कक्षागत पटक | | १ | १ | १ | १ | | विधालय |
| ४५ | कक्षा ६ ८ मा अंग्रजी गणित र विज्ञान विषयको किट्स व्यबस्थापना | विधालय | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा कक्षा ९-१२ ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप तथा दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। यही दृष्टिकोणमा आधारित भएर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ विकास भई सो अनुसारको पाठ्यक्रमको कार्यन्वयन वि.सं. २०७७ बाट प्रारम्भ भएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ,प्रदेश र स्थानीय सरकारको साझा अधिकार सूची भित्र पनि राखेको छ। संविधानका उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सूचीको आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने गरी स्पष्ट निर्देश गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चतता गर्दै यसबाट सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारारत्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले

विद्यालय तह देखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धारको विकल्पहरु सहित एकलपथीय पाठ्यक्रम लागू गरीएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था गरेको छ। अर्कोतिर श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विशेष जोड दिई विद्यालय सञ्चालन गरिने, प्राविधिक धारको शिक्षा कक्षा १० पछि आवश्यक प्रयोगात्मक तथा कार्य क्षेत्र अनुभव सहित तीन वर्षको अवधिको बनाई, यी कार्यक्रम र प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र अन्तर्गत सञ्चालित सम्बन्धित कार्यक्रम बीच सामञ्जस्य कायम गरिने उल्लेख गरेको छ।

## ३.३.२ वर्तमान अवस्था

- स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच तथा गुणस्तरको अवस्था

तालिका नं १६ माध्यमिक तहको विद्यार्थी भर्ना

| कक्षा | जम्मा | | | जनजाती | | | दलित | | | ब्राहम्ण/क्षेत्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| ९ | १४६ | ८१ | ६५ | १२९ | ७१ | ५८ | ४ | २ | २ | १३ | ८ | ५ |
| १० | १२४ | ६७ | ५७ | १११ | ५९ | ५२ | १ | १ | ० | १२ | ७ | ५ |
| **९-१०** | २१६ | ११५ | १०१ | २४० | १३० | ११० | ५ | ३ | २ | २५ | १५ | १० |
| ११ | ११२ | ७९ | ३३ | ११२ | ७९ | ३३ | ० | ० | ० | ० | ० | ० |
| १२ | ८७ | ४६ | ४१ | ८५ | ४५ | ४० | २ | १ | १ | ० | ० | ० |
| **११-१२** | १९९ | १२५ | ७४ | १९७ | १२४ | ७३ | २ | १ | १ | २ | २ | ० |
| **९-१२** | ४१५ | २४० | १७५ | ४३७ | २५४ | १८३ | ७ | ४ | ३ | २७ | १७ | १० |

## तालिका नं १७ माध्यमिक तहको सूचकाङ्क

| सूचकाङ्क | | | | | | |
|---|---|---|---|---|---|---|
| | Girl | Boys | T | **जम्मा** | **छात्रा** | **छात्र** |
| माध्यमिक तहमा कूल भर्ना दर **(GER)** | | | | | | |
| कक्षा ९-१० | **182** | **115** | **297** | ९४.५८ | ११८.९५ | ७१.४२ |
| कक्षा ११-१२ | **106** | **70** | **176** | ४५.९५ | ४९.७६ | ४१.१७ |
| माध्यमिक तहमा खूद भर्ना दर **(NER)** | | | | | | |
| कक्षा ९-१० | **24** | **24** | **48** | १५.२८ | १५.६८ | १४.९० |
| कक्षा ११-१२ | **8** | **12** | **20** | ५.२२ | ३।७५ | ७।०५ |

माध्यमिक तहको कक्षा (कक्षा ९-१०) मा कुल भर्ना दर ९४.५८ प्रतिशत रहेको छ। जस मध्ये छात्राको भर्ना दर ११८.९५ र छात्रको भर्ना दर ७१.४२ रहेको छ। साथै कक्षा ९-१० मा खुद भर्नादर १५.२८ रहेकोमा छात्रा १५.६८ र छात्रको भर्ना दर १४.९० मात्र रहेको देखिन्छ। यो दर निकै न्यून दर हो। यसले गाउँपालिकाका धैरै जसो विद्यार्थी विद्यालय बाहिर रहेको, बीचैमा विद्यालय छाडेको वा अन्य स्थानीय तहमा अध्ययनको लागि गएको भन्ने देखाउँछ। माध्यमिक तह कक्षा (९-१० ) मा अध्ययन गर्ने विद्यार्थी संख्या मध्ये खुद उमेर समूहका विद्यार्थी निकै कम रहेको पाइन्छ। त्यसैले यस तर्फ विशेष ध्यान दिइनेछ। विशेष गरी शैक्षिक गुणस्तर वृद्धि गरी गाउँपालिका बाहिर रहेका विद्यार्थीलाई क्रमशः गाउँपालिकाभित्रै अध्ययन गर्ने वातावरण मिलाइनेछ। तल्ला कक्षाहरुबाटै उमेर समूहमा विद्यालय प्रवेश गराउने र कक्षा दोहोर्‍याउने दरलाई घटाई खुद उमेर समूहको विद्यार्थी संख्या बढाउने गरी योजना तय गरिएको छ।

## तालिका नं १८ माध्यमिक तहको सिकाई उपलब्धी सम्बन्धी विवरण

| कक्षा⟶<br>विषय ↓ | ९ | १० |
|---|---|---|
| नेपाली | ३४.० | ३४ |
| अंग्रेजी | ३४ | ३३ |
| गणित | ५५ | ६२ |
| विज्ञान | ३७ | ३२ |
| सामाजिक | ३३ | ३४ |

माध्यमिक  शिक्षा सञ्चालनका लागि संरचनागत व्यवस्था

तालिका नं १९ माध्यमिक तह अध्यापन गराउने  शिक्षण संस्था सम्बन्धी  विवरण

| **शैक्षिक संस्थाहरु** | **माध्यमिक तह (९-१०)** | **माध्यमिक तह (११-१२)** |
|---|---|---|
| **कुल जम्मा** | ४ | २ |
| सामुदायिक जम्मा | २ | २ |
| संस्थागत जम्मा | २ | ० |

तालिका नं २० सामुदायिक विद्यालयको माध्यमिक तहको शिक्षक दरबन्दी विवरण

| **तह** | **जम्मा** | **स्थायी** | **करार** | **राहत** | **अनुदान** | **निजी** |
|---|---|---|---|---|---|---|
| माध्यमिक (९-१०) | १० | ६ | १ | ३ | ० | ० |
| महिला | १ | ० | ० | १ | ० | ० |
| माध्यमिक (११-१२) | ४ | ० | २ | २ | ० | ० |
| महिला | ० | ० | ० | १ | ० | ० |

गाउँपालिकामा माध्यमिक तह अध्यापन गराउने ४ विद्यालय मध्ये  २ संस्थागत र २ सामुदायिक विद्यालय छन्। गाउँपालिकामा हाल सामुदायिक माध्यमिक तह ९-१० को लागि १० जना शिक्षक कार्यरत रहेको र ११ र १२ कक्षाका ४ जना करार तथा अनुदान शिक्षकको रुपमा कार्यरत रहेका छन्।

प्राविधिक धारमा पहुँचः गाउँपालिकाभित्र हाल सम्म प्राविधिक धार अध्यापन गराउने विद्यालय रहेका छैनन् । आगामी आर्थिक वर्षमा एक विद्यालयमा प्राविधिक धार सञ्चालनको लागि आवश्यक कार्य गरिनेछ।

तालिका नं २१ माध्यमिक तहमा  विद्यार्थी भर्नामा समावेशीता

| कक्षा | जम्मा | | | जनजाती | | | दलित | | | ब्राहम्ण/क्षेत्री | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| ९ | १४६ | ८१ | ६५ | ७३ | ३३ | ४० | ४ | २ | २ | ० | ० | ० |
| १० | १२४ | ६७ | ५७ | ४४ | २७ | १७ | १ | १ | ० | ० | ० | ० |
| **९-१०** | २७० | १४८ | १२२ | २१२ | १०० | ११२ | २ | २ | ० | ८ | ७ | १ |
| ११ | ११२ | ७९ | ३३ | १२ | ८ | ४ | ० | ० | ० | ० | ० | ० |
| १२ | ८७ | ४६ | ४१ | ११ | ६ | ५ | २ | १ | १ | ० | ० | ० |
| **११-१२** | १९९ | १२५ | ७४ | १९५ | १२४ | ७१ | **२** | **१** | **१** | २ | २ | **०** |
| **९-१२** | ४६९ | २७३ | १९६ | ४५४ | २६२ | १९२ | ४ | ३ | १ | १० | ९ | १ |

यस गाउँपालिकाको माध्यमिक तहमा अध्ययन गर्ने कुल विद्यार्थी ४६९ मध्ये २७३ जना छात्रा रहेका छन् । यसबाट गाउँपालिकामा छात्रको तुलनामा छात्रा भर्नादर राम्रो रहेको देखिन्छ । गाउँपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने दलित ७ जना रहेको देखिन्छ ।

- समुदायको सहभागिता तथा साझेदारी

उल्लिखित विश्लेषणको आधारमा यस गाउँपालिकामा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छः

- निशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको  पहुँचबाट बाहिर रहेको संख्यालाई विद्यालयमा ल्याउने
- माध्यमिक तह विशेषत कक्षा १० बाट कक्षा ११ को प्रवेश दर बढाउने तथा माध्यमिक तहमा खुद भर्ना दर बढाउने ।
- सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार ल्याउने ।
- सबै विद्यालयमा न्यूनतम् सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थित प्रति उत्थानशील बनाउने ।
- आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्ने ।

### ३.३.३ लक्ष्य

- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्ट्रिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने
- शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउने
- हाल सञ्चालित नमुना माविमा कक्षा ११।१२ मा विज्ञान विषय अध्ययन प्रारम्भ गर्ने

### ३.३.५ रणनीतिहरू

- विद्यालयहरूको नक्शाङ्कन गर्ने
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने
- नि: शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने
- बैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने
- विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजा:**

- सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने

- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

**तालिका नं २३ माध्यमिक तहको प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कार्यविधि र निर्देशिका जारी र कार्यान्वयन | पटक | | १ | | | | १ | |
| २ | गाँउपालिका क्षेत्रको माध्यमिक शिक्षाके बञ्चितिमा परेका वालवालिकाहरुको भर्नाको सुनिश्चितता गर्ने | पटक | | १ | | | | १ | |
| ३ | शिक्षकको दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | अङ्ग्रेजी, गणित र विज्ञान विषयको सिकाई उपलब्धी वृद्धि गर्नका लागि अतिरिक्त अनुदान सहयोग | विद्यालय | २ | २ | २ | २ | २ | | |
| ५ | लक्षित बालबालिकाको लागि आवासिय प्रबन्ध (पहुँच) | विद्यालय | २ | २ | २ | २ | २ | | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी,खेलमैदान,घेराबार मर्मत समेत | विद्यालय | २ | २ | २ | २ | २ | | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (कक्षा ९ र कक्षा ११) | पटक | | १ | | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रविधि तथा व्यवहारकुशल सीपहरुको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | जना | | १४ | १४ | १४ | १४ | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | २ | २ | २ | २ | २ | | |
| १० | शिक्षक पेशागत सहायता संरचना गठन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ११ | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई सहायक सामग्री सहयोग लक्षित बिधार्थी | पटक | १ | १ | १ | १ | १ | | |
| १२ | तेकिएका पाठ्यपुस्तक वितरण | विद्यार्थी संख्या | ४६८ | ५०० | ५५० | ६०० | ६५० | | |
| १३ | विपन्न तथा गरिब बिधार्थी छनौट छात्रवृत्ति | विद्यार्थी संख्या | | १० | १० | १० | १० | | |
| १४ | आर्थिक रुपले विपन्न परिवारका विद्यार्थीका लागि कमाउदै पढदै कार्यक्रम | विद्यालय | | २ | २ | २ | २ | | |
| १५ | कक्षाकोठामा आधारित मूल्याङ्कन प्रवेधिकरण | पटक | | १ | १ | १ | १ | | |
| १६ | पुस्तकालयको सुदृढिकरण | विद्यालय संख्या | २ | २ | २ | २ | २ | | |
| १७ | बिज्ञान प्रयोगशाला सुदृढिकरण | | | | | | | | |
| १८ | विषयगत प्रयोगशाला व्यबस्थापन | विधालय संख्या पटक | १ | १ | १ | १ | १ | | |
| १९ | सुचना प्रविधिको सुदृढिकरण | विद्यालय संख्या | २ | २ | २ | २ | २ | | |
| २० | अन्तरविधालय खेलकुद प्रतियोगिता र खेल सामग्री व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| २१ | विधार्थी मनोविमर्ष सेवा संचालन | विधालय | २ | २ | २ | २ | २ | | |
| २२ | अतिरिक्त क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | विधार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| २४ | उत्कृष्ट सिकाइ उपलब्धि हाँसिल गर्ने शिक्षक विधार्थी सम्मान कार्यक्रम शिक्षक २ विधार्थी ६ | संख्या | | ८ | ८ | ८ | ८ | | |
| २५ | कक्षा ११।१२ मा विज्ञान विषय अध्यापन प्रारम्भ | विद्यालय | | | | १ | | | |
| २६ | शिक्षक विद्यार्थी विव्यस शिअसको अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | | |
| २७ | स्यानीटरी प्याड वितरण | संख्या | २५० | ३०० | ३५० | ३५० | ३५० | | |
| २८ | विधालय सरसफाइ तथा वगैचा व्यबस्थापन हरियाली प्रवद्धन सुधार कार्यक्रम | विधालय | २ | २ | २ | २ | २ | | |
| २९ | अपागं स्रोत शिक्षकको लागि तालिम | जना | | १ | | | | | |
| ३० | अपागंमैत्री वालमैत्री र छात्रामैत्री विधालय व्यबस्थापन | विधालय | २ | २ | २ | २ | २ | | |
| ३१ | वालक्लव जुनियर रेडक्रस स्काउट गठन पुनर्गठन तथा परिचालन | विधालय | २ | २ | २ | २ | २ | | |
| ३२ | किशोर किशोरी व्यबहार सुधार कार्यक्रम | विधालय | २ | २ | २ | २ | २ | | |
| ३३ | सीप प्रवद्धन कार्यक्रम लक्षित विधार्थी | विधार्थी जना | १ | १ | १ | १ | १ | | |

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्ध

### ३.४.१ परिचय

उच्चस्तरीय दक्ष र समालोचक, सर्जक, अनुसन्धानमूलक तथा विचारक जनशक्ति उत्पादन गर्ने शिक्षा उच्च शिक्षा हो। आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्ने मर्मलाई आत्मसात गर्दै योग्य नागरिक उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको मर्म हो। एकातिर उच्च शिक्षालाई गुणस्तरिय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सिप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाकोसमय सापेक्ष रूपमा विकास र विस्तार गर्नु

आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने अपरिहार्यता त्यत्तिनै रहेको अवस्था छ । नेपालको संविधानले केन्द्रीय विश्वविद्यालयसम्बन्धी अधिकार सङ्घ र उच्च शिक्षासम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेता पनि साझा अधिकारकोसूचिमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध राखी आफनो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ।

## ३.४.२ वर्तमान अवस्था

नेपालको शिक्षाको संरचनामा कक्षा १२ उर्तीण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संसाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नितिगत प्रावधान रहेको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ्य, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत सहभागिता, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्व विद्यालयबाट आय स्रोतको परिचालन जस्तानमुना विकास गर्नका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारकारूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ।

यस गाँउपालिकामा सदरमुकाम धुन्चे स्थित रसुवा क्याम्पस संचालनमा रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भै विगत ५ बर्ष देखि उक्त क्याम्पसमा मानविकि तथ शिक्षा सास्त्र संकायको स्नातक तहको कार्यक्रम संचालनमा रहेकोछ । भौतिक पूर्वाधार तथा जनशक्तिके उचित व्यबस्थापन नभएका कारण हाल सम्म पनि सो क्याम्पस रसुवा माविको भवनमा विहानको समयमा संचालन हुँदै अएकेछ। क्याम्पसमा जनशक्तिके कमीका कारण रसुवा माविमै अध्यापन गर्ने शिक्षकहरुबाट पठनपाठन हुँदै अएकोछ । क्याम्पस व्यबस्थापनको क्षेत्रमा स्थानीय सरोकारवालाहरुको न्यून चासो हुनुले प्रभावकारी पठनपाठन हुनसकिरहेको छैन। अत जिल्ला सदरमुकाममा रहेको यस क्याम्पसलाई समय सापेक्ष सुद्धढिकरण गर्न स्थानीय गाँउपालिका बागमती प्रदेश सरकार, संघिय सरकार र त्रिभुवन विश्वविधालय अनुदान अयोगको समेत सहयेग र सहकार्य आवश्यक देखिएको छ । यहाँ पठनपाठनहुने मानविकी र शिक्षा शास्त्रमा न्युन संख्यामा मात्र विद्यार्थी रहनुले अपक्षित प्रतिफल प्राप्त हुन सकेको देखिदैन । त्यसैले क्याम्पसलाई परिणाममुखि रुपमा शैक्षिक व्यबस्थापन र संचालन गर्न यस अबधिमा प्राथमिकता दिइनेछ ।

### चुनौतिहरू तथा अवसरहरू

उच्च शिक्षामा आर्थिक रुपले विपन्न र भौगोलिक रुपमा पिछडिएका र माध्यमिक तह पुरा गरेका नागरिकको समेत सहभागिता गराउनु, माध्यमिक शिक्षाको उच्च शिक्षासंग् सम्बन्ध कायम राख्नु, भौगोलिक विकटता, भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभाव हुनु र युग अनुकुलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु उच्च शिक्षाका प्रमुख चुनौतिका विषयहरू हुन् । उच्च शिक्षालाई व्यवसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमानै रोजगार सिर्जना गर्नु जस्ता सवालहरूलाई समेत उच्च शिक्षाका सहायक चुनौतिका रुपमा लिन सकिन्छ।

नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकारक्षेत्र भित्र रहनु, पालिका क्षेत्रभित्र .एउटा. मात्रै उच्च शिक्षा प्रदायक संस्था सञ्चालन हुनु, क्याम्पसको सेवाक्षेत्र फराकिलो रहनु, पालिकाका सबै सरोकारवाला,

राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा क्याम्पसको थप प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, पालिकामा २ वटा १२ कक्षा सम्म संचालित माध्यमिक विधालय सँचालनमा रहनु र जिल्लाके सदरमुकाम क्षेत्रमा यो क्याम्पस संचालन हुनुलाई उच्च शिक्षाको अवसरको रुपमा लिन सकिन्छ।

### ३.४.३ लक्ष्य

- प्राज्ञिक उत्कृष्टता र अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत सापेक्ष उच्चस्तरीय, प्रतिस्पर्धी, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति सृजना गर्ने।

### ३.४.४ उद्देश्य

- उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने,
- उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउन थप संकायहरू सञ्चालन गर्न पहल गर्ने।

### ३.४.५ रणनीतिहरू

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने,
- स्थानीय तहमा संचालनमा रहेको उच्च शिक्षा प्रदान गर्ने संस्थालाई सुद्धृढिकरण गर्ने ,
- यस संस्थामा खुला एवम् दूर शिक्षा लगायतका माध्यम मार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवं आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरी उच्च शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चित गर्ने
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, र जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि स्थानिय सरोकारवालाहरु संग समन्वय तथा सहकार्य गर्ने,
- उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,

- स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान  दलित, अपाङ्ग, र विपन्न परिवारका विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- उच्च शिक्षामा पहुँच अभिवृद्धि भई समय सापेक्षा उच्चस्तरको जनशक्ति उत्पादन हुने ।

**प्रमुख नतिजाः**

- स्थानीय तह अन्तर्गत कक्षा १२ वा सो सरहको तह पूरा गरेका विद्यार्थी क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने,
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको हुने,
- उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागिता अभिवृद्धि हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको सुद्धृढिकरण
- उच्च शिक्षा प्रदान गर्ने संस्थाको  न्यूनतम भौतिक पूर्वाधार विकास,
- अनुसन्धान केन्द्रको स्थापना,
- शिक्षक व्यवस्था,
- छात्रवृत्ति कार्यक्रम,

उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्वन्धका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | बहुप्राविधिक शिक्षालय स्थापना गर्न सहयोग तथा सहजीकरण गर्ने | वटा | | १ | | | | १ | सङ्घ र प्रदेशको सहयोग |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| २ | अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग् गर्ने | वटा | | | | | १ | | सङ्घ र प्रदेशको सहयोग |
| ३ | स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्वयमसेवक शिक्षकको रुपमा परिचालन गर्ने | विद्यार्थि संऋया | १५ | १५ | १५ | १५ | १५ | ७५ | सङ्घ र स्थानीय तह |
| ४ | उच्च शिक्षामा लक्षित समुहको पहुँच सुनिश्चित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने | क्याम्पस | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | क्याम्पस,स्थानीय तह |
| ५ | रसुवा क्याम्पसको न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा तथा पुस्तकालय ल्याव, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर आदि) विकास गर्न सहयोग गर्ने | क्याम्पस | | १ | १ | १ | १ | | स्थानीय तह क्याम्पस |
| ६ | उच्च शिक्षाको खुला एवम् दूर शिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवम सहयोग गर्ने | पटक | | | | १ | | | क्याम्पस |
| ७ | विद्यार्थीहरूकोअध्ययन अनुसन्धान कार्यमा सहयाग गर्न इ–पुस्तकालयको स्थापना | पटक | | | | १ | | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | तथा संचालन गर्न सहयोग गर्ने | | | | | | | | |
| ८ | बिषयगत जनशक्ति व्यवस्थापन पूर्ण तथा आँशिक | निरन्तर | १ | १ | १ | १ | १ | | क्याम्पस तथा स्थानीय तह |
| ९ | विधार्थी नियमितता तथा टिकाउ | निरन्तरतार | १ | १ | १ | १ | १ | | |
| १० | विपन्न दलित तथा अन्य परिवारका विधार्थी सहयोग कार्यक्रम | विधार्थी प्रतिशत | | १० | १० | १० | १० | | |
| ११ | अभिलेख व्यबस्थापन र सुद्धृढिकरण | निरन्तर | १ | १ | १ | १ | १ | | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

### ३.५.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिड, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ। प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ ।वि. सं. २०७२ को संविधान सँगसँगै “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू तथा स्वदेशमै रहेका यूवाहरु समेत आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

## ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) । यस गाँउपालिकाको एउटा सामुदायीक विधालयमा इलेक्ट्रीकल १८ महिने सब अभरसियर तालिम संचालनमा रहेके छ ।

यस गाउपालिकामा संचालनमा रहेको यस तालिममा हाल २३ जना विर्थीहरू अध्ययनरत रहेका छन । प्राविधिक शिक्षा तथा व्यबसायीक तालिम परिषदको सम्बन्धन तथा अनुदानमा गत २०६९ साल देखि श्री कोमिन श्यामेवाङफेल माविमा संचालित यस तालिममा ४० जनाको कोटा कायम छ । यस गाँउपालिका क्षेत्रमा ६ वटा जलविधुत अयोजनाहरु संचालन भैरहेको सन्दर्भमा भविष्यमा समेत तालिम प्राप्त विधुततिय सीप सम्बन्धि जनशक्ति आबश्यक भैरहने तर्फ केन्द्रित गर्दै तोकिएका कोटाहरु पुरा हुने गरि तालिममा सहभागि हुन सम्बन्धित बिधार्थीहरुलाई अभिप्रेरित गर्ने कार्य भएको छ ।

## ३.५.३ लक्ष्य

- उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

## ३.५.४ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने,

- स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने,
- प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।

### ३.५.५ रणनीतिहरू

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**प्रमुख नतिजाः**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यक्ता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने,
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्ने,
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन हुने,
- बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने,
- खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने,
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागिता अभिवृद्धि हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन,
- प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास,
- बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन,
- छोटो अवधिका सिपमूलक तालिम सञ्चालन,
- शिक्षक व्यवस्था,
- छात्रवृत्ति कार्यक्रम,

- स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा,
- खोज तथा प्रवर्तनात्मक कार्यलाई प्रोत्साहन,
- स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम,
- बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम,
- उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग,

प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम का प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | प्रयोगशाला व्यवस्थापन र सुद्धिढिकण सहयोग | विद्यालय | | १ | | | | १ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | श्री रसुवा मावि धुन्चेमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | | | १ | | | १ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | पटक | | १ | १ | १ | १ | | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरिय नीतिको तर्जुमा | पटक | | १ | | | | | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक | सङ्ख्या | | ५ | ५ | ५ | ५ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | कार्यक्रमहरू सञ्चालन | | | | | | | | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाइ उद्यमशिलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | ५ | | |
| ७ | दलित तथा विपन्न समुदायका प्रविधिक शिक्षामा संलग्न प्रशिक्षार्थीलाई छात्रवृति | प्रतिशत | | १० | १० | १० | १० | | |
| ८ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ९ | बहुप्राविधिक शिक्षालय स्थापना र संचालन | सङ्ख्या | | | १ | | | | |
| १० | गुणस्तरीय प्रशिक्षणका लागि दक्ष प्रविधिकको व्यबस्थापन | जना | | | २ | २ | २ | | |

## ३.६ पाठ्यक्रम र पाठ्यसामाग्री

### ३.६.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । ये विषय देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको

हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु, मानविय मुल्य मान्यता तथा सत्चरित्रवान नागरिक उत्पादन जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन्।

मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ। साथै आधारभुत तहकको कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम प्रारुप २०७६ मा व्यबस्था भएअनुरुप तेकिएको पाठ्य घण्टामा आधारित स्थानीय माग आबश्क्ता अनुसार स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु बाञ्छनिय छ।

## ३.६.२ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो। पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ। त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

यस गाउँपालिकामा वि सं २०६९ देखि कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि पाठ्यसामग्री समेतको विकास र कार्यान्वयनमा ल्याइएको छ साथै यसलाई परिवर्तित परिवेश अनुकुल २०७४ सालमा परिमार्जन गरि सम्पुर्ण विधालयमा पठनपाठन हुँदै अउकोछ।

त्यसैगरी आधारभूत तह कक्षा ६-८ मा स्थानीय पाठ्यक्रमका रुपमा कम्प्यूटर विज्ञान विषय अध्यापन गर्दै आएकोमा यसलाई पनि स्थानीय पाठ्यक्रमको रुपमा स्थानीय आबश्यक्ता अनुरुप पाठ्यक्रम विकास गर्ने लक्ष्य राखिएके छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक नि:शुल्क प्रदान गर्ने व्यवस्था भएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। गाँउपालिकाके सहयेग र सहजिकरणामा उक्त निर्देशिकाहरु सबै विधालयमा पुर्याउने लक्ष्य राखिएको छ। यसैगरि कक्षा १ देखि ३ सम्म हालके पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिम प्रारम्भिक कक्षा पठन सीपलाई सुद्धृढ गर्न आबश्यक सन्दर्भ सामग्रीहरु वितरणा गर्ने र सोको प्रभावकारी कार्यान्वयन भए नभएको पहिचान गरी आबश्य सुधारका लागि अनुगमन सयन्त्रको विकास गरिएके छ। पाठ्यक्रममा तोकिएको सक्षमता पुरा गर्न विधार्थीहरुलाई अनुकुल मातृभाषा माध्यमको सहजिकरण प्रकृया अवलम्बन भएके छ। अधारभुत तह कक्षा १ देखि ५ को विधार्थी मुल्याङ्कन प्रकृया अन्तर्गत पाठ्यक्रममा भएको व्यबस्था अनुरुप प्रयोगात्मक कार्य परियोजना

कार्य  र व्यबहारकुशल अभ्यास अबलम्बन गर्दै प्रत्येक विधार्थीको पोर्टफोलियो विकास गर्ने कार्यक्रम रहेको छ। विधमान परिवेशमा कार्यान्वयनमाआएको  नँया पाठ्यक्रमको शिक्षकहरुबिच अभिमुखिकरण गरि सिकाइ क्रियाकलाप प्रवर्द्धन गर्ने कार्यक्रम रहेके छ। विधालय तहका सबै कक्षामा अक्षराङ्कन मूल्याङ्कन पद्धति अबलम्बन गरिएको छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ।

## चुनौतिहरू तथा अवसरहरू

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु  चुनौतिका रूपमा रहेको छ। त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु , सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन्।  अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन्। माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था , परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकार तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण  र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन्।

## ३.६.३ लक्ष्य

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने।

## ३.६.४ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री अधावधिक र सुद्धृढिकरण तथा कार्यान्वयन गर्नु।
- पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयनको प्रभावकारी अनुगमन गर्नु
- विपद महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट सिकाइ सहजिकरणको प्रबन्ध गर्नु

### ३.६.५ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरू समक्ष प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- प्रारम्भिक कक्षामा स्थानीय तथा मातृ भाषा माध्यमको सहजिकरण परीपाठीलाई प्रभावकारी बनाउनु ,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

### ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**प्रमुख नतिजा:**

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण  भएको हुने,
- सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- पाठ्यक्रम अभिमुखीकरण
- शिक्षक तालिम
- शिक्षक पेसागत सहयोग
- कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन
- आवधिक विद्यार्थी मूल्याङ्कन
- डिजिटल सामग्रीको प्रयोग
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- निःशुल्क पाठ्यपुस्तक
- बहुपाठ्यपुस्तक
- स्थानीय पाठ्यक्रम विकास परिमार्जन तथा कार्यान्वयन
- माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग
- सुपरिवेक्षण तथा अनुगमन
- परीक्षा सञ्चालन र उपचारात्मक सिकाइ व्यवस्थाको कार्यान्वयन

पाठ्यक्रम र पाठ्यसामाग्रीका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | पाठ्क्रम प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह,शिविसइ |
| २ | स्थानिय पाठ्यक्रम निर्माण कार्यशाला | पटक | १ | १ | | | | | |
| ३ | प्रारम्भिक कक्षाको कक्षा अवलोकन तथा सुपरिवेक्षण | पटक प्रति विधालय | २ | २ | २ | २ | २ | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| ४ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | पटक | १ | | १ | | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ५ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्यांकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ६ | स्थानीयपाठ्यक्रम अधाबधिक तथा कार्यान्वयन | पटक | १ | १ | | | | | स्थानीय तह विद्यालय |
| ७ | आधारभुत तह कक्षा १ देखि ५ सम्म माध्यम भाषाको रुपमा मातृभाषाको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |
| ८ | शिक्षक निर्देशिका पाठ्यक्रम तथा सन्दर्भ सामग्रीको व्यबस्था र प्रयोग | पटक | १ | | १ | | | | स्थानीय तह |
| ९ | निर्मित स्थानीय पाठ्यक्रमको प्रवेधिकरण तथा पृष्ठपोण संकलन तथा प्रमाणिकरण | पटक | | १ | | | | | स्थानीय तह |
| १० | डिजिटल शैक्षिक तथा सन्दर्भ सामग्रीको संकलन र प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व

प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

अधारभुत तहके कक्षा १ देखि ५ मा विधार्थी संख्याको आधारमा तथा कक्षा ६ देखि ८ र माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड अनुरुप शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । संघिय शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला , सेमिनार  कनफरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ । कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कायलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य  पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.७.२ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने , रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति गरी स्थानीय तहहरुले पदस्थापन गर्ने कार्य गर्दै आएका छन् । यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने , शिक्षकको कार्यसम्पादन मूल्याङ्कन

गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले , प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यस गाउँपालिकामा हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रका १३, प्राथमिक तहका ५२, आधारभूत तह कक्षा ६ - ८ का २०, माध्यमिक तहका १४ गरी जम्मा ९९ जना शिक्षकहरु रहेका छन । यी शिक्षकहरु मध्य सङ्घीय अनुदानबाट तलब भत्ता पाउने बालबिकास ११, प्राथमिक तहका ५२ आधारभूत ६ - ८ तहका १६ र माध्यमिक तहका १४ र शिक्षक कर्मचारीलाई संघसंस्था र गाँउपालिकाबाट तलब भत्ताको व्यबस्था हुने गरेको छ ।

यस पालिकामा प्रारम्भिक वालविकासमा शिक्षक विधार्थी अनुपात १६ आधारभुत तह कक्षा १- ५ शिक्षक विधार्थी अनुपात १०, आधारभुत तह कक्षा ६ -८ मा शिक्षक विधार्थी १६, माध्यमिक कक्षा ९- १० मा शिक्षक विधार्थी २२, माध्यमिक तह कक्षा ११- १२ मा शिक्षक विधार्थी ५० रहेको छ । तालिमको अबस्था हेर्दा यस पालिकामा प्रारम्भिक वालविकासमा ८० प्रतिशत, आधारभुत प्रावि तह मा ३३ प्रतिशत , आधारभुत निमावि तहमा ५० प्रतिशत र माध्यमिक तहमा ५० प्रतिशतले तालिम प्राप्त गरेका छन् ।

### ३.७.३ लक्ष्य

- गुणस्तरिय शिक्षाका लागि योग्य , व्यावसायिक रुपमा दक्ष , पेसाप्रति उत्प्रेरित , प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

### ३.७.४ उद्देश्य

- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।
- शिक्षक उतप्रेरणा अभिबृद्धिका लागि प्रोत्साहन सम्मानका कार्यक्रम सुद्धृढ गर्नु ।

### ३.७.५ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण गरिने,

- रिक्त शिक्षक दरबन्दीको विवरण प्राप्त भएके आधारमा नियमानुसार तत्काल करार शिक्षक पदपुर्ति गर्ने,
- प्रदेश निर्देशनालयको कार्यक्रम अनुसार शिक्षकको पेसागत विकास तथा सेवाकालीन तालिम व्यबस्थापन गरिने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- स्थानीय तह मार्फत शिक्षकको क्षमता विकासका लागि छोटो अवधिका तालिम कार्यशाला अन्तरकृया संचालन गर्ने।
- शिक्षकको प्रेरणा र प्रोत्साहनका लागि सम्मान कार्यक्रम संचालन गरिने।
- गाँउपालिकाबाट शैक्षिक सुधारका निम्ति नियमित कक्षा अनुगमन र सुपरिवेक्षण कायर्यक्रम संचालन गर्ने।
- शैक्षिक गुणस्तरका निम्ति शिक्षकको आबश्यक अनुरुपका स्रोत सामग्रीको व्यबस्थापन गरिने।

## ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको व्यबस्था नियमित र प्रभावकारी रूपमा हुने,
- शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने।
- शिक्षकके नियूक्ति र व्यबस्थापनमा तोकिएका कक्षा तहमा विषयगत शिक्षकलाई जोड दिइने।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- शिक्षक नियुक्ति र व्यबस्थापन,
- करार तथा विद्यालय स्रोतबाट शिक्षक पदपपुर्तीका लागि तेकिएको मापदण्ड तथा निर्देशिका तयारी,
- अपाङ्गता भएका व्यक्ति, महिला शिक्षकहरुके समुचित व्यबस्थापन,
- शिक्षण सिकाइ सुधारका निम्ति निर्दिष्ट मादण्डको आधारमा कार्य सम्मादन सम्झौता गर्ने,
- शिक्षक सहयाताका लागि पुस्तकालय र पुस्तक कुनाको व्यबस्था
- शिक्षक क्षमता अभिबृद्धिका लागि सूचना प्रविधि प्रयोगशाला,
- शिक्षक क्षमता अभिबृद्धिका लागि विज्ञान प्रयोशाला तथा विषयगत प्रयोगशालाको प्रबन्ध,
- शिक्षकको सक्रिय सहभागितामा शिक्षण तथा सिकाइ सामग्री विकास तथा प्रयोग,
- सिकाइ उपलब्धिको बिश्लेषण र सुधार कार्यक्रम संचालन भएके हुने,
- शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि,
- विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास,
- शिक्षक पेसागत सहयोग,
- असल अभ्यासको अवलोकन भ्रमण,
- सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकरण,
- विज्ञ समूहको गठन,
- सहपाठी कक्षा अवलोकन,
- छोटो अवधिको शिक्षक तालिम,
- समुचित शैक्षिक वातावरण निर्माणका लागि प्रधानाध्यापकको क्षमता विकास तालिम,

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय |
| २ | शिक्षण सिकाइ सुधारका निम्ति निर्दिष्ट मादण्डको आधारमा कार्य | विधालय | | १५ | १५ | १५ | १५ | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | सम्मादन सम्झौता गर्ने, | | | | | | | | |
| ३ | शिक्षक सहयाताका लागि पुस्तकालय र पुस्तक कुनाको व्यबस्था | पटक | १ | १ | १ | १ | १ | | सङ्घ, प्रदेश र स्थानीय |
| ४ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परिक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | स्थानीय तह विधालय |
| ५ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको संजाल बनाउने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ६ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | १ | २ | २ | २ | २ | | सङ्घ, स्थानीय तह |
| ७ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | सङ्घ, स्थानीय तह |
| ८ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | | ५ | ५ | ५ | ५ | | स्थानीय तह तथा अन्य निकाय |
| ९ | शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | | २५ | २५ | २५ | २४ | | सङ्घ, प्रदेश र स्थानीय तह |
| १० | पालिका स्तरीय प्रअ बैठक | पटक | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ११ | समुचित शैक्षिक वातावरण निर्माणका लागि प्रधानाध्यापकको | पटक | | १ | | १ | | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | क्षमता विकास तालिम | | | | | | | | |
| १२ | विपत संकटके अबस्थामा वैकल्पिक सिकाइ सहजिकरण र सामग्री व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| १३ | कक्षा कोठामा आधारित कार्यमुलक अनुसन्धान | विधालय | १५ | १५ | १५ | १५ | १५ | | विधालय |

### ३.८ विद्यालय व्यवस्थापन

### ३.८.१परिचय

नेपालको संविधानको अनुसुची ९ अनुसार तीन तह सङ्घ, प्रदेश र स्थानीय सरकारको अधिकारको साझा सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका पनि रहेको छ। नेपालको संविधानको अनुसुची ८ मा स्थानीय सरकारको अधिकार सूची अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षामा स्थानीय तहको अधिकार क्षेत्र रहेको स्पष्ठ छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ के दफा ८ अन्तर्गत स्थानीय तहलाई शिक्षासम्वन्धी २३ वटा अधिकारहरूको व्यबस्था गरिएको छ। विद्यालयको सु-सञ्चालनको लागि शिक्षा ऐन, २०२८ अनुसारको शिक्षा नियमावली, २०५९ परिच्छेद ६ बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरिने प्रावधान रहेको छ। व्यवस्थापनका दृष्टिले विद्यालय प्रमुख निकाय हो जहाँ सहभागितात्मक दृष्टिकोण, पाठ्यक्रम सुधारका दृष्टिकोण, मागमा आधारित शैक्षिक कार्यक्रम तथा वित्तीय पद्धति, स्थानीय र सामुदायिक साझा विचार रहेका हुन्छन। विद्यालय व्यवस्थापन भित्र शैक्षिक योजना निर्माण र कार्यान्वयनको संस्थागत जिम्मेवारी बाँडफाड गरिएको छ।

विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन यस्ता समितिहरूको भूमिका र सक्रियतालाई बढाई पारदर्शिता, जवाफदेहिता कायम गर्दै शैक्षिक सुशासन अभिवृद्धि कायम गरिएको देखिन्छ। सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गरी आम अभिभावकहरूको विश्वास बहाली गर्ने र संस्थागत विद्यालयहरूलाई नियमन गरी सेवामूलक बनाउदै सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि स्थानीय सरकारले अगुवाई गरेको छ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने र प्रधानाध्यापक छनौट वा नियुक्ति सम्वन्धि व्यवस्था मौजुदा शिक्षा ऐन २०२८ अनुसार शिक्षा नियमावली २०५९ को नियम ९३ मा रहेको छ। विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने दायीत्व प्रधानाध्यापकको हो।

## ३.८.२ वर्तमान अवस्था

यस गाउपालिकामा संस्थागत ४ र सामुदायिक १५ गरी १९ विद्यालयहरू सञ्चालनमा रहेका छन । पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम विद्यालय न्यूनतम २४० दिन खुल्नुका साथै कम्तिमा २१० दिन पठनपाठनको सुनिश्चितताको लागि शैक्षिक क्यालेन्डरको व्यवस्था गरिएको छ । अगुवा विद्यालयहरूलाई आफ्ना फिडर विद्यालयहरूको समन्वय र पेसागत सहायताका लागि जिम्मेवार बनाइएको छ । । समग्र पालिकाको शिक्षासम्वन्धी नीति, योजना र कार्यक्रमको समन्वय र व्यवस्थापनको लागि पालिका प्रमुखको संयोजकत्वमा शिक्षा समिति गठन भई क्रियाशिल रहेको अवस्था छ । स्थानीय तहके पुनर्संचना भइ २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरुको व्यबस्था भए बमोमजिम यस गाँउपालिकाले २०७६ सालमा संविधान तथा ऐन मा भएको व्यबस्था अनुसार पालिका स्तरीय शिक्षा ऐन र नियमावली जारी भएको छ । सो अनुसार प्रत्यक विधालयमा विधालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संग गठन भई क्रियाशिल रहेका छन । विधालय व्यबस्थापन समिति नै विधालयको समुचित व्यबस्थापन रेखदेख र समग्र पक्षको जिम्मेबार संरचना हो । शिक्षक अभिभावक संगले विधालयको समग्र आय व्ययको पार्दर्शिता गुणस्तरीय शिक्षा र विधालयको समुचित व्यबस्थापनमा विधालय व्यबस्थापन समिति र शिक्षकहरुले गरेका कार्यहरुको समिक्षा गरी सुधारको लागि आबश्यक पहल गर्दछ । हालको अबस्थामा कानुनमा व्यबस्था भए अनुसार सामान्यतया दैमासिक १ पटक विधालय व्यबस्थापन समितिको बैठक हुने जहाँ विधालयके भौतिक पूर्वाधार शिक्षक व्यबस्थापन नियमित पठनपाठन स्रोतको खोजी तथा प्राथमिक्तापूर्ण बाँडफाड गर्दै गुणस्तरीय शिक्षा प्राप्तीको दिशामा आबश्यक कार्यहरु गरिआएको छ । तेस्तै शिक्षक अभिभावक संघले विधालय विधालय व्यबस्थापन समितिबाट भएका कार्यहरुको समिक्षा विधार्थी र शिक्षक नियमितता तथा विधालयको सामाजिक परिक्षणको अगुवाई गर्दै आएके छ । यस पालिका क्षेत्रका समग्र विधालयमा विधालय व्यबस्थापन समिति र शिअस बाट यी कार्यहरु हुँदै आएकाछन । शिअसको बैठक सामान्यतया त्रैमासिक १ पटक बस्ने र विधार्थी र शिक्षक नियमितता र गुणस्तरीय शिक्षा सम्बन्धको मुख्य एजेन्डा मा समग्र छलफल र निर्णय गर्दै आएका छन । विधालयको आन्तरीक व्यबस्थापन र प्रशसनिक कार्यको अगुवाईको रुपमा प्रत्यक विधालयमा प्रधानाध्यापकले कार्य गर्दै आएका छन ।

चुनौती र अवसर

- पालिकाका सबै वडामा वडा शिक्षा समिति गठन र कार्यान्वयनमा सक्रियता बढाउनु,
- सबै विद्यालयहरूमा प्रचलित ऐन र नियमावली तथा पालिकाको शिक्षा कार्यविधी अनुसारको प्रधानाध्यापकको व्यबस्थापन गर्नु
- विद्यालय व्यवस्थापन समितिको समायावधि भित्र गठन गरी विद्यालय वयवस्थापनका लागि आबश्यक क्षमता अभिबृद्ध गर्नु,
- शिक्षक अभिभावक संघलाई आफ्नो काम कर्तव्य र अधिकार प्रति सक्षम तुल्याउनु
- शिक्षा क्षेत्रमा क्रियाशिल गैसस तथा समुदायमा आधारित संस्थाहरुलाई विधालयमा सकरात्मक सहयोगका लागि सक्षम तुल्याउनु

- प्रधानाध्यपकहरूलाई विधमान परिवेश अनुरुप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनु,
- विधालय सम्बन्धि शिक्षक कर्मचारी वालक्ल्व तथा विषयगत समितिहरुलाई जिम्मेबारीवोध र क्षमता विकास गर्नु ।
- विद्यालय व्यवस्थापन समितिलाइ श्रृजनशिल, समयसापेक्ष, जवाफदेही र उत्तरदायी बनाउनु,
- विधालयसंग सापेक्ष रुपमा रहेका सम्पूर्ण समिति र सयन्त्र विकास भएका छन यधपी यी सबै समिति र सयन्त्रको कार्यकुशलतामा सक्रियता अभिबृद्धि गर्नु ।
- गाँउ शिक्षा समिति तथा वडा प्रतिनिधीहरुले विधालयको विव्यस शिअस र प्रधानाध्यापक एंव विधालय परिचालनका सम्पूर्ण पक्षमा उचित अनुगमन र सुपरिवेक्षण गर्दै आबश्यक पृष्ठपोषण गर्दै आएके छ ।
- शिक्षा यूवा तथा खेदकुद शाखाले विधालयहरुलाई विधमान शैक्षक निति नियम र मापदण्डहरुको सहजिकरण गरेको र उपयूक्त विधालय व्यबस्थापनको लागि समन्वय र सहजकार्य गर्दै आएको ।

### ३.८.३ लक्ष्य

- सबै विद्यालयहरू व्यबस्थित भई गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्षम हुने ।

### ३.८.४ उद्देश्य

- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउनु,
- विद्यालयको, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
- गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु,
- विद्यालयको शासकीय प्रबन्धलाई उच्च नतिजाका लागि प्रोत्साहित गर्नु,
- विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
- प्रधानाध्यापको व्यबस्थापनलाई सुदृढ र नतिजामुखि तुल्याउनु ,
- विधालयसंग सम्बद्ध समितिहरु , मुख्य सरोकारवालाहरु शिक्षक तथा कर्मचारीहरु लाई समय सापेक्ष क्षमतावान बनाउनु,
- विधालय सुधारका लागि सरकारी गैरसरकारी र समुदायसंग समन्वय र सहकार्य बृद्धि गर्नु
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गर्नु
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी नतिजामुखि र पारदर्शी बनाउनु ।

### ३.८.५ रणनीतिहरू

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,

- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परीक्षण गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- सबै विद्यालयहरूको समुचित व्यबस्थापन भई गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुने ।

**प्रमुख नतिजाः**

- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने,
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने,
- विद्यालयमा गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहज पहुँचको आधार तयार हुने,
- विद्यालयको शासकीय प्रबन्ध उच्च नतिजाका लागि प्रोत्साहित भएको हुने,
- विद्यालयहरूको सक्षमतामा सुधार भई रूपान्तरणको गतिलाई तीव्रता प्रदान गरेको हुने,
- प्रधानाध्यापको व्यबस्थापन सुदृढ र नतिजामुखि भएको ,
- विद्यालय व्यवस्थापन समावेशी, समन्यायिक र जवाफदेही हुने,
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने,
- विद्यालयको सेवा प्रवाह प्रभावकारी हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक,
- शैक्षिक कार्ययोजनाको निर्माण,
- विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना,
- विद्यालय समायोजन, पुनर्वितरण तथा स्थापना,
- विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी,

- वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन,
- अभिभावक भेला,
- विद्यालयको लेखा तथा सामाजिक परिक्षण,
- विद्यालयका गतिविधिहरू सार्वजनिक ।

विद्यालय व्यवस्थापनका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | विद्यालय सुधार योजना तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह र विद्यालय |
| २ | शैक्षिक कार्यपात्रो निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको विकास तथा व्यवस्थापन गुरुयोजना बनाउने | पटक | | १ | | | | | विद्यालय |
| ४ | योग्यता, क्षमता र वरिष्ठताकोआधारमाप्रधानाध्यापक नियुक्ति गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | स्थानीय तह, विव्यस |
| ५ | आबश्क्ता अनुरुप विद्यालय सञ्चालन तथा व्यस्थापन विनियम तयारी गर्ने | विद्यालय | | १ | | | | | विधालय |
| ६ | वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | | विद्यालय |
| ७ | अभिभावक भेला गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | | विद्यालय |
| ८ | विद्यालयको लेखा तथा सामाजिक परिक्षण गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने | पटक | १ | १ | १ | १ | १ | | सङ्घ, स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| ९ | गाउपालिकाको शिक्षा योजनाको निर्माण, प्रवोधिकरण र परिमार्जन | गाउपालिका | १ | | | | | | स्थानीय तह |
| १० | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ११ | विद्यार्थि तथा अभिभावकहरूको गुनासो सुनुवाइको व्यवस्था गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | स्थानीय तह |
| १२ | विधालयको बार्षिक कार्ययोजना प्रदर्शनी | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | विधालय |

### ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र शिक्षा

## ३.९.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जिवनका लागि आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धी, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने xक, राष्ट्रिय शिक्षा नितिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको, प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यान्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा तथा प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका

कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका बिचमा Cross ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित बनाउदै लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा निति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदाloक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नLतिगत व्यवस्था गरिएको छ ।

## ३.९.२ वर्तमान अवस्था

रसुवा जिल्ला नेपालकै ३९ औं साक्षर जिल्ला हो । २०७४ साल माघ २९ गते यस जिल्लालाई साक्षर रसुवा घोषणा गरिएको हो । सामुदायिक सिकाइ केन्द्र, २०७७ को सर्भेक्षण प्रतिवेदन बमोजिम यस पालिकामा २०17 घरधुरीमा ८हजार १सय ३३ जनसङ्ख्यामध्ये अझै १५५ जना निरक्षरहरूको पहिचान भएको छ । यस पालिकाका प्रत्येक वडामा सामुदायिक सिकाई केन्द्र छन् । शिक्षाको अवसरबाट वञ्चित भएका, गरीविको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सिपमुलक कार्यक्रम, चेतनामुलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने उद्देश्य सामुदायिक सिकाइ केन्द्रको रहेको छ । केन्द्रले आयआर्जनका लागि समुह गठन तथा परिचालनको काम गरिरहेको छ । यस गाउपालिकाको साक्षरता दर ९७.५७ रहेको छ । जसमा महिला साक्षरता दर ९५.५१% र पुरूषको साक्षारता दर ९९.४८ % रहेको छ । हाल ६ देखि ६० वर्ष उमेर समूहको जनसंख्यामा १७ पुरुष र १३८ महिला पूर्ण निरक्षर रहेका छन् । साक्षर जनसंख्यामध्ये ४० देखि ६० वर्ष उमेर समूहको सबैजसो जनसंख्या नव साक्षर मात्र रहेका छन् । गाउँगाउँमा महिला आमा समूह गठन गरिएका छन् । बचत संकलन तथा ऋण परिचालनका कार्य भैरहेका छन् । कतिपय पढेलेखेका युवाहरु रोजगारीका शिलशिलामा शहरी क्षेत्र तथा वैदेशिक रोजगारमा संलग्न छन् । गाउँघरमा नै रहेका ६० वर्षमूनिका प्रायः साक्षर र निरक्षर खेतीपाती होटल व्यवसाय तथा किराना पसल जस्ता व्यवसाय गर्दैरहेका छन् । हालको अवस्थामा साक्षरोत्तर र औपचारिक शिक्षा ग्रहण गरेका मानिसहरु कुनै न कुनै आयआर्जनका कार्य गरेर जीवन निर्वाहलाई सहज बनाउन सफल छन् । नवसाक्षर तथा निरक्षर मानिसहरु भने सामान्य कृषि तथा पशुपालनमा व्यस्त रहेका छन् । पढाइलेखाइ र हिसावमा दखलता नहुँदा उनीहरुले सामान्य आर्थिक कारोवार गर्न पनि अरुको निर्भर हुनु परेको देखिन्छ । अतः सबै उमेर समूहका जनताहरुको सहज र सुख सन्तुष्ट जीवनयापन निम्ति तमाम ग्रामीण क्षेत्रमा साक्षरता र साक्षरोत्तर कक्षा सञ्चालन गर्न जरुरी छ । जहाँ निरक्षरका लागि साक्षरता कक्षा नवसाक्षरका लागि साक्षरोत्तर शिक्षा तथा सिकाइ कार्यलाई निरन्तरता दिन विभिन्न पत्रपत्रिका लेख रचनाका किताब स्वास्थ्य र सरसफाइका छपाइ सामग्रीहरु व्यवस्थापन आवश्यक छ । बीचैमा कक्षा छोडेर गाउँघरका काम व्यवसायमा लागेका युवाहरुका लागि खुला शिक्षाका अवसर निम्ति एउटा आधारभुत तहको खुला शिक्षा

रहेको छ । जहाँ पाँच कक्षा पढेर छोडेर बसेका युवाहरु कक्षा ८ को खुला शिक्षामा सहभागी भएर आफ्नो औपचारिक शिक्षा वृध्दि गर्ने अवसर लिएका छन् ।

चुनौती र अवसर

• सामुदायिक सिकाइ केन्द्रहरूलाइ क्रियाशिल रूपमा परिचालन गर्ने,

• सामुदायिक सिकाइ केन्द्र, विद्‍यालय, स्थानीय गैर सरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरि साक्षरता स्थिति बढाउने,

• सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउने,

• सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ लाइ प्रभावकारी कार्यान्वयन गर्ने,

• मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामाग्री विकास गर्नु,

• महिलाहरूको साक्षरता प्रतिशत वृद्‍धि गर्नु ।

• आर्थिक अभाव तथा कार्यव्यस्तता पारिवारिक वाध्यतामा वीचैमा कक्षा छोडेर बसेका युवालाई आधारभुत खुला शिक्षा दिने

• सबै खाले साक्षर युवाहरुका लागि घरेलु तथा व्यावसायिक सिपका अवसरहरु रहेका छन् ।

### ३.९.३ लक्ष्य

• सबै निरक्षरहरू पूर्ण साक्षर र नवसाक्षर युवाहरुका लागि सिप व्यवसाय तथा आयआर्जन गरी नागरिकको जीवनस्तरमा सुधार हुने ।

## ३.९.४ उद्‍देश्य

• सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,

• औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बीच अन्तरसम्बन्ध स्थापित गर्ने,

• आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने,

• गाउँपालिका क्षेत्रका सबै युवा तथा प्रौढहरुलाई सिप व्यवसायमा संलग्न गरी आयआर्जनमा सरिक गराउने ।

• बीचैमा कक्षा छोडेर बसेका युवाहरुलाई निरन्तर र खुला शिक्षामा प्रोत्साहित गर्ने ।

## ३.९.५ रणनीतिहरू

• मौलिक एवम परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकिकरण एवम हस्तान्तर सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिने,

• सामुदायिक सिकाइ केन्द्रहरूको प्रबर्धन र कार्यप्रति जिम्मेवार गरिने,

• सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू, बचत परिचालन र आयआर्जनका सिप सञ्चालन गरिने,

• सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने,

• सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला सिकाइलाई सुदृढीकरण गरिने,

• सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, बहुउद्देश्यीय व्यवसायिक संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

## ३.९.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य उपलब्धिः

• सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

प्रमुख नतिजाः

• सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,

• अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,

• सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,

• सामुदायिक सिकाइ केन्द्रलहरु आजीवन सिकाइ केन्द्रका रूपमा विकास हुने,

• अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,

• अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,

• ग्रामीण महिला तथा आमा समुहहरु विस्तार भई साना बचत संकलन गरी व्यवसाय सञ्चालनमा संलग्न भएको हुने ।

प्रमुख क्रियाकलाप र लक्ष्यः

• निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी,

• साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन,

• सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी सञ्चालन,

• सामुदायिक सिकाइ केन्दरलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन,

• सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य,

• मौलिक तथा परम्परागत ज्ञान सिपको पुनर्ताजगी तथा व्यावसायिकरण

• सूचना तथा सञ्चार प्रविधिको प्रयोग,

• सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण,

• अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय संचालन र सहभागिता वृध्दि

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | | | | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | २ | ४ | | | | | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी सञ्चालन, | सङ्ख्या | ३ | ३ | | | | | सङ्घ |
| ४ | सामुदायिक सिकाइ केन्दरलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन व्यवस्था गर्ने | सङ्ख्या | १ | २ | ३ | | | | |
| ५ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य, | केन्द्र | ✓ | ✓ | ✓ | ✓ | ✓ | | |
| ६ | •मौलिक तथा परम्परागत ज्ञान सिपको पुनर्ताजगी तथा व्यावसायिकरण | पटक | | ३ | ३ | | | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग, | केन्द्र | १ | २ | ३ | | | | सङ्घ, प्रदेश, स्थानीय तह |
| ८ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण, | पटक | | | १ | | | | सङ्घ |
| ९ | अनौपचारिक प्रौढ विद्‌यालय, खुला विद्‌यालय संचालन र सहभागिता वृध्दि | स्थानीय तह (आवश्यकतामा आधारित) | ✓ | ✓ | ✓ | ✓ | ✓ | | विधालय |

## ३.१० आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ३.१०.१ परिचय

युद्‌ध, द्‌वन्द महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्‌देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालिन अवस्थामा बालबालिका लगायत हिंसासँग सम्बद्‌ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्वस्थापन, सामाजिक द्‌वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतलिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बालअधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्‌ध, व्दन्द व्यवस्थापन आदि  कुराहरू समावेश गरिन्छ ।

## ३. १०.२ वर्तमान अवस्था

**नीतिगत व्यवस्था**

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव, दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रमहरू हुदै आएका छन् । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्वस्तु समायोजन ढाँचा २०७७ऽ एसइइ नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७ जारी भएका छन् । प्रकोपका क्रममा यस गाउँपालिकाको विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन कार्यविधि, २०७८ अनुरुप कार्य गरिएको छ ।

प्राकृतिक प्रकोपबाट सृजित विपतको अबश्था महामारिले ल्याएको असाधाराण अबस्था र अन्य प्राकृतिक तथा मानविय रुपले हुने विपतके परिस्थितमा पनि शिक्षालाई सुचारु गर्न र शैक्षिक गुणास्तरलाई सापेक्ष रुपले अघि बढाउन गाँउपालिकाले विपतकालिन शिक्षक कार्ययोजना तथा निति तय गर्नु र कार्यान्वयन चरणमा जानु अपरिहार्य हुन्छ । यस सन्दर्भमा यस गाँउपालिकाले संघिय सरकारबाट नीतिगत रुपमा ल्याएका आपतकालिन शिक्षा सम्बन्धि निति निर्देशनहरुलाई अनुशरण गर्दै विधालय शिक्षालाई निरन्तरता दिदै आएको छ । यस अन्तर्गत अनलाइन अफलाइन तथा टोलगत सिकाइ सहजिकरण समुह गठन गरी कार्यान्वयनमा ल्याएकोछ । जस अन्तर्गत स्थानीय विधालयका शिक्षकहरु विधालय शिक्षा पुरा गरेका यूवाहरु तथा शिक्षा प्रेमी बुद्दिजिवी अभिभावकहरु परिचालन गरिएकोछ । मोवाइल फोन इन्टरनेट स्मार्ट टिभि एन सि डि भर्चुअल कक्षाहरु मार्फत विधार्थीहरुको सिकाइ सहजिकरण हुँदै आएकोछ । प्राकृतिक रुपले विपतमा रहेका संकटासन्नता रहका विधालयहरुमा विपत व्यबस्थापन र न्यूनिकरणका विपष बस्तुहरुको सहजिकरण गर्दै विपत जोखिमबाट शिक्षक विधार्थीहरुलाई सजक गराइएको छ । विधमान कोभिड १९ संक्रमणके रोकथाम र नियन्त्रण सन्दर्भमा नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्ड तथा भौतिक दुरी लाई कायम गर्दै कक्षा संचालन र सहजिकरण गरिदै आएको छ । महामारीको अबस्थाबाट सुरक्षित हुँदै सिकाइ कृयाकलापलाई निरन्तरता दिन वैकल्पिक सिकाइका विधीहरु अबलम्बन गरिएकाछन । यसलाई प्रस्तुत योजनाले निरन्तरता र सवलिकरण गर्ने प्रावधान राखेकोछ ।

**चुनौतिहरू तथा अवसर**

आपतकालीन अवस्थामा विधालय शिक्षाको पाठ्यक्रममा भएको व्यबस्थालाई समुचित पाठ्यघण्टा कायमा गर्दै सिकाइ क्रियाकलापमा शिक्षक विधार्थी र अभिभावकलाई अभिमुखिकरण गर्न पाठ्यक्रममा तोकिएका सक्षमताहरुलाई पूर्णता दिन र विधार्थीहरुके सिकाइ सुधारलाई बढोत्तरी गर्नु यसका चुनौती रहेका छन् ।

यस गाँउपालिकाले विपतकालिन अबस्थामा सिकाइ सहजिकरण कार्यलाई निरन्तरता दिन निर्देशिका अनुरुप संभावित विधीहरु जस्तै टोल सिकाइ एसएमएस मोवाइल फोनको प्रयोगद्वारा अनुगमन पृष्ठपोषण, अभिभावक शिक्षा र वैकल्पिक सिकाइ सहजिकरणका छपाई सामग्रीहरु विधार्थी अभिभावक समक्ष वितरण गरेकोछ ।

## ३. १०.३ लक्ष्य

- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक र बौद्धिक सामाजिक र संवेगात्मक  विकासमा सहयोग पुर्याउने

## ३. १०.४ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना तथा मनेविमर्ष सेवा उपलब्ध गराउने

## ३. १०.५ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने,
- कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने,

- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङकन र विश्लेषण गर्ने,
- सङ्कटासन्नता (Vulnerability) को पहिचानका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, तथा माध्यमजन्य सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विपद्कालिन अबस्थामा शैक्षिक सुद्धृढिकरणाका लागि विधालय तथा वडा स्तरमा समन्वय सहकार्यको वातावरण तयार गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

## ३. १०.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

**नतिजा**

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने,
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने,
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररुपमा सञ्चालन हुने,

**प्रमुख क्रियकलाप र लक्ष्य**

- विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण
- स्थानीय तह र विद्यालयको क्षमता विकास
- विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम
- शिक्षक तथा विव्यसलाई अभिमुखिकरण
- संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण
- विपद् प्रतिरोधी भौतिक व्यबस्थापन

- विपद् रोकथाम र नियन्त्रण सम्बन्धि सामग्रीहरु व्यबस्थापन

आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा गन्तव्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | | १ | | | | सबै विद्यालय समावेश हुने |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | शिक्षक तथा विव्यसलाई अभिमुखिकरण | पटक | | १ | १ | | | | |
| ५ | संकटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | विद्यालय | १५ | | | | | | विद्यालयको आवश्यकताको आधारमा |
| ६ | विपद् प्रतिरोधी भौतिक व्यबस्थापन | विधालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | विपद् रोकथाम र नियन्त्रण सम्बन्धि सामग्रीहरु व्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |

## ३.११ यूवा तथा खेलकुद विकास

### ३.१०.१ परिचय

नेपालके संविधानको अनुशुचि ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहके साझा अधिकार सम्बन्धमा संघ तथा प्रदेश कानुनके अधिनमा रहि स्थानीय तहले यूवा तथा खेलकुदका लागि आबश्यक संरचना पूर्वाधार निर्माण संचालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेकोछ । सेही अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ के दफा ११ उपदफा ४ क मा तहमा गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्बन्धि अधिकार सुनिश्चित गरेकोछ ।

गाँउ तथा नगरपालिका अन्तरगत कार्यपालिका सचिवालयमा रहने विधिन्न विषयगत शाखा मध्ये शिक्षा यूवा तथा खेलकुद शाखाले नै यूवा तथा खेलकुद सम्बन्धि प्रचलित ऐन नियम एंव स्थानिय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधीहरु अनुरुप यूवा तथ खेलुकदका निम्न कार्यहरु गर्ने व्यबस्था रहेको छ ।

- स्थानीय स्तरका खेलकुद संरचनाके पूर्वाधार निर्माण संचालन तथा विकास
- स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय
- खेलकुदको विकास र प्रवर्द्धन
- खेलकुद प्रतियेगिता आयोजना र सहभागिता
- खेलकुद सम्बन्धि पूर्वाधार विकास

सोचः संघिय यूवा तथा खेलकुद मन्त्रालयको यूवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आबश्यक व्यबस्थापन गर्न पहल गरिने ।

### ३. १०.२ वर्तमान अवस्था

यस गाँउपालिकाको विधालय तथा यूवाहरके खेलकुद कार्यक्रमहरुलाई शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत गाँउपालिका स्तरीय शिक्षा समितिले संयोजन गर्दै आएकोछ जहाँ विधालयटस्तरका अन्तरविधालय खेलकुद संचालन राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारी छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता समुदायस्तरमा यूवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउदै आएकोछ । जसअनुसार पालिकाले खेलकुद मैदान निर्माण र व्यबस्थापन गरेकोछ । जिल्ला र प्रदेशस्तरमा हुने खेलकुद प्रतियोगिताको लागि निर्धारित

खेलहरुमा खेलाडी छनोट र सहभागिता जनाउदै आएको छ । प्रतियोगिताको लागिअ आवश्यक अन्तर्विधालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा यूवा खेलकुलका लागि खेलकुद सामग्री र आबश्यक स्रोत व्यबस्थापन गर्दै आएकोछ ।

यूवा स्वरोगारसंग सम्बन्धित संघिय कार्यक्रम कार्यान्वयन गर्न आबश्यक कार्ययोजना निर्माण भई कार्यसंचालन गरिनेछ ।

**चुनौतिहरू तथा अवसर**

गाँउपालिकाको भौगोलिक विषमता र शैक्षिक सुझबुझको विस्तार गर्न समन्यायीक रुपमा सहभागिता बृद्धि र क्षमता विकास एंव खेलकुद प्रतियोगिता संचालनमा चुनौति रहेको छ। विधालयस्तरमा हुने खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङ सिल्ड कार्यक्रममा समुचित सहभागितामा चुनौति रहेको छ।

यस गाँउपालिकाले आधारभुत तथा माध्यामिक तह सम्मका वालवालिकाहरुलाई आन्तरिक खेलकुद प्रतियोगिता गराई उत्कृष्ठ खेलाडीहरुलाई जिल्लास्तरमा हुने राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागि गराएकोछ। तेसैगरी जिल्ला तथा प्रदेशस्तरबाट संचालनहुने यूवा खेलकुद प्रतियोगिताहरुमा पनि सक्रिय सहभागिताका साथै आबश्यक स्रोत व्यबस्थापन गरेकोछ।

३. १०.३ लक्ष्य

- विधालयस्तरका विधार्थी तथा समुदायस्तरका यूवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागित र प्रतिस्पर्धाको विकास गर्ने।

३. १०.४ उद्देश्य

- स्थानीय स्तरका खेलकुद संरचनाके पूर्वाधार निर्माण संचालन तथा विकास गर्नु
- स्थानिय स्तरमा खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय गर्नु
- खेलकुदको विकास र प्रवर्द्धन गर्नु
- खेलकुद प्रतियेगित आयोजना र सहभागिता सुनिश्चित गर्नु
- खेलकुद सम्बन्धि पूर्वाधार विकास गर्नु
- विधालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता संचालन व्यबस्थापन एंव राष्ट्रपति रिनङ सिल्ड प्रतियोगिताका लागि तयारी गर्नु
- यूवा स्वरोजगार सम्बन्धि तालिम तथा रोजगार व्यबस्थापन भएको हुने

## ३. १०.५ रणनीति

- गाँउपालिका क्षेत्रमा खेलकुद समिति गठन र परचालन गर्ने ।
- खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने
- खेलकुलको संचालन र विकास गर्ने
- स्थानीयस्तरमा खेलकुल सम्बन्धि संघ प्रदेश र गैससहरुको  समन्वय र सहकार्य गर्ने ।
- संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धि कानुनको अधिनमा रही कार्यविधी निर्माण र कार्यान्वयन गर्ने ।
- विधालय तथा यूवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने ।
- पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आबश्यक सामग्री तथा स्रोतको व्यबस्थापन गर्ने
- यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकास हुने

## ३. १०.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य

**उपलब्धी**

- विधालयस्तरका विधार्थी तथा समुदायस्तरका यूवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागित र प्रतिस्पर्धाको विकास भएको हुने ।
- 

**नतिजा**

- गाँउपालिकास्तरमा विभिन्न खेलसम्बन्धि सहजकर्ता तथा सहभागि तयार हुने,
- खेलकुलका लागि पूर्वाधारके निर्माण र व्यबस्थापन भएके हुने ,
- खेलकुद सम्बन्धि स्थानीय निति तथा कार्यविधीहरु तयारी र कार्यान्वयन भएकोहुने
- खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसंग समन्वय र सहकार्य भएको हुने
- खेलकुलको विकास र प्रवर्द्धन सम्बन्धमा विधार्थी र यूवाहरुलाई अभिमुखिकरण भएको हुने ।
- विभिन्न खेलहरुमा उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान भएको हुने ।
- यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने

**प्रमुख क्रियकलाप र लक्ष्य**

- स्थानीय स्तरको खेलकुदको संरचना विकास
- विभिन्न खेलकुद सम्बन्धि निकायहरु संग सहकार्य र समन्वय
- अन्तरविधालय खेलकुद प्रतियोगिता

- समुदायस्तरमा यूवा खेलकुद प्रतियोगिता
- विधालय तथा यूवा स्तरका खेलकुदका लागि अबश्यक कार्यविधी र निर्देशिका तयारी
- खेलकुद सामग्री व्यबस्थापन
- उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान
- खेलकुद सम्बन्धि उपयूक्त भौतिक संरचनाहरके निर्माण
- खेलकुद विकास र सहभागिताका लागि सरोकारवालाहरुलाई अभिमुखिकरण
- विभिन्न खेलकुद कार्यक्रम सम्बन्धि प्रशिक्षक उत्पादन र व्यबस्थापन
- यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन

यूवा तथा खेलकुदका लागि प्रमुख क्रियाकलापहरू

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | स्थानीय स्तरको खेलकुदको संरचना विकास | पटक | १ | | | | | | स्थानीय तह |
| २ | विभिन्न खेलकुद सम्बन्धि निकायहरु संग सहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सबै विद्यालय समावेश हुने |
| ३ | अन्तरविधालय खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ४ | समुदायस्तरमा यूवा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ५ | विधालय तथा यूवा स्तरका खेलकुदका लागि आबश्यक कार्यविधी र निर्देशिका तयारी | विद्यालय | १ | | | | | | स्थानीय तह |
| ६ | खेलकुद सामग्री | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | व्यबस्थापन | | | | | | | | |
| ७ | उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ८ | खेलकुद सम्बन्धि उपयूक्त भौतिक संरचनाहरके निर्माण | वटा | १ | | | | | | स्थानीय तह |
| ९ | खेलकुद विकास र सहभागिताका लागि सरोकारवालाहरुलाई अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| १० | विभिन्न खेलकुद कार्यक्रम सम्बन्धि प्रशिक्षक उत्पादन र व्यबस्थापन | पटक | १ | | | | | | स्थानीय तह |
| ११ | यूवा स्वरोजगार कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह |

# परिच्छेद ४

# संस्थागत संरचना र क्षमता विकास

## ४.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थाग्त् संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागी कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन्। शिक्षा योजनामा उल्लेखित नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधिकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनु अपरिहार्य छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ केन्द्रिय स्तरमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी संघिय स्तमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश शिक्षा निर्देशनालयके रुपमा प्रदेश सरकार मातहमा रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ।

## ४.२ वर्तमान अवस्था

यस गाउपालिकामा रहेका विषयगत शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धि काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ ।

एक जना छैटौं अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दीका कर्मचारी यस शाखामा क्रियाशिल रहेका छन तेसै गरी यस शिक्षा ऐन तथा नियमावली, २०७६ मा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय सुपरीवेक्षकको व्यवस्था गर्ने उल्लेख छ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमति बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दै आएकाछन।

विधालयले अफ्नो बार्षिक कार्यक्रम, लैङ्गिक फोकल ब्यक्ति, खेलकुद तथा अतिरिक्त क्रियाकलाप संयोजकको व्यबस्था गरिएको हुन्छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयन गर्न संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । यीनिहरुको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना निर्माण, क्षमता विकास र प्रक्रियाको विकास गर्न बाञ्छनिय छ।

## ४.३ लक्ष्य

- स्थानीय तहको शैक्षिक सुशासन र नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने

## ४.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- गुणस्तरको बृद्धिका लागि याग्य जनशक्तिको व्यवस्था गर्नु,
- शिक्षा क्षेत्रमा क्रियाशिल जनशक्तिलाई उत्तरदायी र जवाफदेही बनाउनु,
- संलग्न शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने,

## ४.५ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउन क्षमता विकास गर्ने।

## ४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षाका सबै निकाय तथा विद्यलयमा शैक्षिक सुशासन कायम भई गुणस्तरीय शिक्षाके प्रबर्द्धन भएकोहुने ।

**प्रमुख नतिजाः**

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना निर्माण भएको हुने,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ भएको हुने,
- शैक्षिक गुणस्तरको बृद्धिका लागि येग्य जनशक्तिको व्यवस्था भएको हुने,
- शिक्षा क्षेत्रमा क्रियाशिल जनशक्तिलाई उत्तरदायी र जवाफदेही भएको हुने,
- संलग्न शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि भएको हुने,

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

- आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास
- शिक्षा समिति, आधारभुत शिक्षा उतिर्ण समिति, विव्यस, शिअस, वालक्ल, जुरेस, स्काउट तथा अतिरिक्त र सहक्रियाकलाप सम्बन्धि संयोजन समिति गठन तथा परिचालन
- विधालय सम्बद्ध विभिन्न समिति र संरचनाको क्षमता विकास
- एकिकृत शैक्षिक सुचना व्यबस्थापन प्रणालीको अधाविक र प्रतिवेदन

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| १ | आवश्यक कानुनी प्रवन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | १ | | | | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | शिक्षा समिति, आधारभुत शिक्षा उतिर्ण समिति, विव्यस, शिअस, वालक्ल, जुरेस, स्काउट तथा अतिरिक्त र | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह विधालय |

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| | सहक्रियाकलाप सम्बन्धि संयोजन समिति गठन तथा परिचालन | | | | | | | | |
| ३ | विधालय सम्बद्ध विभिन्न समिति र संरचनाको क्षमता विकास | पटक | | १ | १ | १ | १ | | स्थानीय तह |
| ४ | एकिकृत शैक्षिक सुचना व्यबस्थापन प्रणालीको अधाविक र प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | | स्थानीय तह र विधालय |

# परिच्छेद ५

# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्य क्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला तथा दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका  नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्य क्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्य क्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो

## ५.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा

अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको चालु आव मा प्रति विद्यार्थी लागत रु. ५१२०५। रहने देखिन्छ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।जहाँ प्रदेश सरकारबाट शिक्षक तालिम तथा विद्यालयहरुमा केही सहजिकरण सामग्रीहरु प्राप्त हुने गरेको छ। संघसंस्था तथा स्थानीय दाताबाट प्राप्त हुने रकम नगदमा देखिने गरेकको छैन। निजहरुबाट केही भौतिक सामग्री, सन्दर्भ सामाग्री, औषधी तथा सचेतनामूलक कार्यक्रमहरु हुने गरेका छन्। अभिभावकहरुको लगानी पनि नगदमा रुपान्तरित देखिदैन। बैठक, भेला तथा भौतिक पूर्वाधार कार्यमा ५ देखि १० प्रतिसतसम्म श्रमदान हुने गरेको पाइन्छ। वित्तीय रुपमा संघिय तथा स्थानीय सरकारबाट मात्र योगदान हुने गरेको छ। जुन यस प्रकार रहेको छ। रु हजारमा

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | गत आव | चालु वर्ष | जम्मा प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | 70238 | 70561 | | |
| २ | स्थानीय सरकार | 3900 | 5000 | | |
| ३ | संघसंस्था | 300 | 300 | | |

## ५.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने।

## ५.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु।

## ५.५ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
